# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २७४ | काठमाडौं | सोमबार, १९ माघ २०८२ | Prabhab National Daily | Monday, 02 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


'हट स्पट' रूपन्देही-३

## पूर्वअर्थमन्त्री पौडेललाई 'किल्ला' जोगाउन चुनौती

### सुलभ 'ब्रेक' र चुन्नु 'कम्ब्याक' दाउमा


विष्णु पौडेल


सुलभ खरेल


चुन्नुप्रसाद पौडेल

■ जेबी योञ्जन

- राजनीतिक लहर र दलीय संगठनको क्षमता परीक्षण हुँदै
- एमालेका विष्णु पौडेल, रास्वपाका सुलभ खरेल र कांग्रेसका चुन्नुप्रसाद पौडेलबीच कडा टक्कर हुने विश्लेषण

**काठमाडौं–** रूपन्देही क्षेत्र नम्बर-२ फेरि एकपटक राष्ट्रिय राजनीतिका लागि 'हट स्पट' बनेको छ। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा यहाँको चुनावी प्रतिस्पर्धा उम्मेदवारबीचको मात्र होइन, राजनीतिक लहर, दलहरूको संगठन क्षमता र मतदाताको मनोविज्ञानबीचको टकरावका रूपमा देखिएको छ।

अघिल्लो चुनाव (२०७९)ले रूपन्देही-२ को दलीय पकड कमजोर बनायो। त्यहाँ समानुपातिकतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पहिलो भएको थियो। त्यसबेला उक्त दलले २५ हजार ६७३ मत प्राप्त गरेर पहिलो हुँदा बलियो संगठन भएको दाबी गर्ने नेकपा एमाले २१ हजार १८३ मतमा सीमित भयो।

तर, प्रत्यक्षतर्फ चुनावी परिणामको तस्बिर केही फरक रह्यो। एमाले उपाध्यक्ष विष्णु पौडेल २७ हजार १६५ मत ल्याएर विजयी भए भने रास्वपाका गणेश पौडेल २५ हजार ७९५ मतमा सीमित भए। मतान्तर जम्मा करिब एक हजार मात्र थियो। यसले एमालेको संगठनात्मक शक्ति र रास्वपाको लहरबीचको प्रतिस्पर्धा कति कडा छ भन्ने देखायो।

रूपन्देही-२ लाई लामो समयदेखि एमाले उपाध्यक्ष पौडेलको 'किल्ला' मानिँदै आएको छ। उनले यस क्षेत्रबाट लगातार चार चुनाव जितिसकेका छन्। २०७० को संविधानसभा निर्वाचनमा उनले पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईलाई पराजित गर्नु राजनीतिकरूपमा ठूलो सन्देश थियो। २०७४ मा एमाले-माओवादी गठबन्धनबाट जिते भने २०७९ मा गठबन्धनविरुद्धको माहोलबीच पनि उनी विजयी भए।

तर, पछिल्लो चुनावमा मतान्तर साँघुरो हुनु एमालेका लागि चेतावनी पनि हो। कांग्रेस-माओवादी-एकीकृत समाजवादीको गठबन्धनका बाबजुद रास्वपाले समानुपातिकमा पाएको अग्रता एमालेको परम्परागत मताधार खुम्चिँदै गएको संकेतका रूपमा हेरिएको छ।

फेरि, यसपटक रास्वपाले उम्मेदवार परिवर्तन गरेको छ। अघिल्लोपटक कडा प्रतिस्पर्धा गरेका गणेश पौडेलको सट्टा सुलभ खरेल मैदानमा छन्। खरेल अघिल्लो चुनावमा पार्टीले पाएको मतबाट उत्साहित देखिन्छन्। उनले प्रभावसँग भने, 'देशव्यापीरूपमा ह्वीम हाम्रो पक्षमा छ, यहाँ पनि त्यस्तै छ, चुनाव जितेर संसद् आउँछु।' यद्यपि, पौडेल बलियो उम्मेदवार हुन्। पटक-पटक राजकीय भूमिकामा पुगेका उनले चुनाव क्षेत्रको विकासमा महत्त्वपूर्ण योजना सञ्चालन गरेका छन्।

क्रमशः पृष्ठ २ मा

प्रतिनिधिसभा सदस्य निर्वाचन

## नयाँको चुनौती रोक्ने रणनीति बनाउँदै पुराना दल

■ प्रभाव संवाददाता

**काठमाडौं–** ललितपुर सैंबुका मानबहादुर रावत यसपटक नयाँ दललाई मत दिनुपर्ने बताउँछन्। ७५ वर्षे रावत ललितपुर क्षेत्र ३ का मतदाता हुन्। पुराना दलले सुशासन कायम गर्न नसकेको बताउँदै उनी यसपटक नयाँ दलका उम्मेदवारलाई मत दिने पक्षमा छन्। 'नयाँ दलले केही गरेनन्। उनीहरू भ्रष्टाचारको वरपर घुमिरहे। त्यसैले नयाँ दललाई यो चोटि मौका दिने विचार गरेको छु,' रावतले भने।

रावतझैं काठमाडौं ४ का मतदाता बताउने लुना सुवेदी पनि यसपालि नयाँ दलतिर आकर्षित देखिइन्। फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा धेरैले नयाँ अनुहार र नयाँ दललाई रोज्ने देखिएको ६० वर्षीया सुवेदी बताउँछिन्। 'यो पालि सबैतिर नयाँ दलको चर्चा देखिन्छ। सडकदेखि सामाजिक सञ्जालमा नयाँ-नयाँ भन्दै छन्,' उनी भन्छिन्, 'यो लहरले सबैलाई तानिने हो कि जस्तो लाग्छ।'

युवा पुस्ता भदौ २३ र २४ को विद्रोहपछि युवा उम्मेदवारतिर आकर्षित देखिन्छ। युवामात्र नभएर अहिले प्रौढ पुस्ताले पनि जेन-जी विद्रोहबाट जन्मिएका नयाँ दल र नयाँ उम्मेदवारलाई मौका दिनुपर्ने मत राख्छन्। जेन-जी विद्रोहको मुद्दालाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले झण्डै एकल मुद्दा बनाएको देखिन्छ। यो विद्रोहमा अग्रपंक्तिमा देखिएका युवालाई रास्वपाले विभिन्न क्षेत्रमा उम्मेदवार बनाएका छन्।

जेन-जी विद्रोहअघि सरकारको नेतृत्व गरिरहेका







- भदौ २३ र भदौ २४ लाई फरक तरिकाले विश्लेषण गरेर भदौ २४ गतेको दोष विद्रोही पक्षधरलाई लगाउने एमाले रणनीति, विध्वंसको विरोधमा मतदाताले आफूलाई मत जाहेर गर्ने आशा
- जेन-जी विद्रोहले मागेको नेतृत्व परिवर्तनको मुद्दालाई विशेष महाधिवेशनमार्फत सम्बोधन गरेको र जेन-जी विद्रोहपछि सबैभन्दा नयाँ पार्टी नै नेपाली कांग्रेस बनेको दाबी
- देशलाई सही दिशामा नपुर्‍याएसम्म विश्राम नलिने नेकपाका संयोजक दाहालको उद्घोष

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको निर्वाचन क्षेत्र झापा-५ मा रास्वपाले बालेन्द्र (बालेन) शाहलाई प्रतिस्पर्धी बनाएको छ। काठमाडौं महानगरका मेयर रहँदा बालेनलाई युवाहरूले अनुमोदन गरेको देखिन्छ। बालेन अहिले पूर्वबाट पश्चिमसम्म चुनावी अभियानमा पुगेर काठमाडौं फर्किसकेका छन्। बालेनप्रति 'क्रेज' देखिएसँगै पुराना दल विशेष गरी नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीले आफूप्रति 'थ्रेट' महसुस गरेको देखिन्छ।

सबैभन्दा बढी त एमाले अध्यक्ष ओलीले। उनले बालेनलाई 'बतासे अण्डा'को संज्ञा दिँदा आफूसँग निर्वाचनमा केही गर्न नसकिने दाबी शनिबार गरे। 'मेरै ठाउँमा पनि केही ठुटे सिङ लिएर पुगेका छन् सिंगौरी खेल्न। मैले धेरै केही भन्नु पर्दैन। अण्डा दुई प्रकारका हुन्छन्, एउटा बतासे, एउटा साँच्चैको। बतासे अण्डाबाट चल्ला निक्लँदैन। बतासे अण्डाहरूबाट कुनै चल्ला निस्किनेवाला छैन,' ओलीले भने।

ओलीले यसो भने पनि यो निर्वाचन हुन नसक्नेतिर इंगित गर्न पनि छाडेनन्। ओलीले सामाजिक सञ्जालमा नयाँ दलप्रति देखिएको क्रेजतिर संकेत गर्दै भने, 'आगो बाल्न जानेको छ, देश बिगार्न जानेको छ, भड्काउन जानेको छ, तोडफोड गर्न जानेको छ, लुटपाट गर्न जानेको छ। यस्ता कुराहरूलाई क्रान्ति भनेर महिमा गाइएको छ। र, अरुमाथि विभिन्न प्रकारको आरोप लगाएको छ।

क्रमशः पृष्ठ २ मा



हामी घोषणापत्रमा सबैको सुझाव समेट्छौं। छलफल चलाइरहेका छौं। हामीले स्थिरता चाहिन्छ भनेको आर्थिक विकासकै लागि हो। जनतालाई चित्त बुझ्नेगरी ल्याउँछौं।

■ **प्रदीप पौडेल**
महामन्त्री, कांग्रेस



कतिपयले केही पनि भएन भन्ने एकतर्फी भाष्य निर्माण गर्न खोजिरहेका छन्, जुन सरासर गलत हो। हामीमध्ये धेरैले १० वर्ष अघिको नेपालको पूर्वाधार अवस्था देखेका छौं।

■ **डा. राजन भट्टराई**
सचिव, नेकपा एमाले



नेपाली अर्थतन्त्र उत्पादन मुखी बनाउन हामीले जोड दिएका छौं। आत्मनिर्भर बनाउन हामीले उत्पादन बढाउन सहकारी र सार्वजनिक क्षेत्रलाई जोड दिएको छौं।

■ **देव गुरुङ**
नेता, नेकपा

सन्दर्भः वैदेशिक रोजगार

## इपिएस प्रणाली परिवर्तन नहुने कोरियाको प्रस्टोक्ति, कर्मचारीको सुरक्षाप्रति चासो

### आन्दोलनरत युवाहरू थप आक्रोशित, आन्दोलन रोक्न श्रम मन्त्रालयको अपिल

■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण कोरिया सरकारले रोजगार अनुमति प्रणाली (इपिएस)मा परिवर्तन गर्न नसकिने जानकारी दिएको छ। इपिएसमार्फत कोरिया जानका लागि भाषा परीक्षा उत्तीर्ण गरेर पनि जान नपाएकाहरूले उठाएका मागअनुसार उक्त प्रणाली परिवर्तन गर्न नसकिने बताइएको हो।

शुक्रबार कोरिया सरकारका प्रतिनिधि र कोरियास्थित नेपाली दूतावासका कर्मचारीबीच भएको छलफलमा कोरिया पक्षले नेपालको लागि मात्रै इपिएस प्रणाली परिवर्तन गर्न नसक्ने प्रस्ट पारेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका एक अधिकारीले जानकारी दिए। कोरियाले नेपालसहित १७ वटा मुलुकबाट सो प्रणालीमार्फत कामदार लैजाँदै आएको छ। ती सबै मुलुकका लागि एउटै नियम लागू हुने कोरिया पक्षको भनाइ छ।

बरु जारी आन्दोलनका आफ्ना कर्मचारीको सुरक्षा चुनौती बढेकोप्रति कोरियाली अधिकारीहरूले चासो व्यक्त गरेको मन्त्रालयका ती अधिकारीले बताए। आन्दोलनरत युवाहरूका कारण ललितपुरको भैँसेपाटीस्थित एचआरडी कार्यालयमा रहेका आफ्ना कर्मचारीलाई सुरक्षा चुनौती देखिएको भन्दै उनीहरूलाई फिर्ता लैजानेसम्मको चेतावनी दिएको ती अधिकारीले बताए। यद्यपि, नेपाली पक्षले भने उनीहरूको सुरक्षाप्रति गम्भीर रहेको भन्दै आश्वस्त पारेको जनाइएको छ।

गत माघ ६ गतेदेखि एचआरडी कार्यालयमा इपिएसपीडित युवाहरूको आन्दोलन जारी छ। निरन्तरको आन्दोलनका कारण आफ्ना कर्मचारीको सुरक्षालाई लिएर कोरियापक्ष गम्भीर देखिएको छ।

क्रमशः पृष्ठ २ मा




### अनावश्यक आन्दोलन नगर्न मन्त्रालयको आग्रह

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कोरिया रोजगारीलाई असर पर्नेगरी आन्दोलन नगर्न युवाहरूलाई आग्रह गरेको छ। मन्त्रालयले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै यस्तो आग्रह गरेको हो।

मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले जारी गरेको विज्ञप्तिमा कोरियासँगको सुमधुर सम्बन्ध र कोरिया रोजगारीलाई असर पर्न सक्ने भएकाले अनावश्यक दबाब सिर्जनालगायतका गतिविधि नगर्न आग्रह गरिएको छ। मन्त्रालयले युवाहरूले राखेका मागमाथि सम्बन्धित निकायबाट नियमितरूपमा अनलाइनमार्फत पत्राचार, बैठक एवं छलफल गरिरहेको जनाएको छ।

क्रमशः पृष्ठ २ मा

## युएईले दियो २७६ नेपालीलाई आममाफी

**काठमाडौं (प्रस)–** संयुक्त अरब इमिरेट्स (युएई) सरकारको ५४औं राष्ट्रिय दिवस (ईद अल एतिहाद) का अवसरमा २६७ जना नेपाली बन्दीलाई आममाफी दिएको छ। परराष्ट्र मन्त्रालयको निर्देशनअनुसार आबुधाबीस्थित नेपाली दूतावासले पटक-पटक गरेको अनुरोधको प्रत्युत्तरस्वरूप युएई सरकारले आममाफीको निर्णय गरेको परराष्ट्र मन्त्रालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ।

माफी पाएका नेपाली नागरिकविरुद्ध अन्य कुनै बाँकी कानुनी मुद्दा वा प्रतिबन्ध नरहेको अवस्थामा युएईको प्रचलित कानुनअनुसार आवश्यक कानुनी प्रक्रिया पूरा गरेपछि स्वदेश फर्कन सक्ने छन्।

यसैबीच नेपाल सरकारले नेपाली नागरिकलाई आममाफी दिएकोप्रति युएई सरकारलाई कृतज्ञता व्यक्त गरेको छ। नेपाल सरकारले यस आममाफीलाई नेपाल र संयुक्त अरब इमिरेट्सबीच विद्यमान द्विपक्षीय सम्बन्धमा रहेको मैत्री, सद्भावना तथा सौहार्द्रताको प्रतीकका रूपमा लिएको परराष्ट्र मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

उदयपुर सिमेन्टमा साढे ४६ करोड भ्रष्टाचार

## तत्कालीन महाप्रबन्धक पौडेलसहित आठ जनाविरुद्ध अख्तियारको मुद्दा

**वर्षगत हिनामिना**

२०७४/७५: १,१२९ मेट्रिक टन
२०७५/७६: १०,२९० मेट्रिक टन
२०७६/७७: १,३२५ मेट्रिक टन
२०७७ साउन-पुस : २६,११५ मेट्रिक टन

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारी स्वामित्वको उदयपुर सिमेन्ट उद्योग लिमिटेड फेरि एकपटक गम्भीर भ्रष्टाचार प्रकरणको केन्द्रमा परेको छ। सिमेन्ट उत्पादनमा प्रयोग हुने प्रमुख कच्चा पदार्थ 'क्लिंकर'को स्टकमा योजनाबद्ध हेरफेर गरी करिब ४६ करोड ५२ लाख रूपैयाँभन्दा बढी हानिनोक्सानी पुर्‍याएको अभियोगमा तत्कालीन महाप्रबन्धक सुरेन्द्रकुमार पौडेलसहित आठ जना उच्च तहका कर्मचारीविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

अभियोगपत्रअनुसार पौडेल (हाल नेपाल पुनर्बिमा कम्पनीका अध्यक्ष) सँग १२ करोड ४७ लाख २२ हजार रूपैयाँ बिगो दाबी गरिएको छ। त्यसैगरी तत्कालीन निमित्त नायब महाप्रबन्धक महेशप्रसाद काफ्लेसँग १२ करोड ६३ लाख ६९ हजार रूपैयाँ र तत्कालीन निमित्त महाप्रबन्धक नवलकिशोर साहसँग ४६ करोड ५२ लाख ७४ हजार ४२६ रूपैयाँबराबरको बिगो दाबी गरिएको छ।

यसै प्रकरणमा तत्कालीन उत्पादन महाशाखा प्रमुख सञ्जयकुमार लाल, तत्कालीन भण्डार महाशाखा प्रमुख महेशप्रसाद साह, तत्कालीन क्लिंकर उत्पादन विभाग प्रमुख रवीचन्द्र पौडेल, तत्कालीन सिमेन्ट

क्रमशः पृष्ठ २ मा




**आरोपीहरू**

- तत्कालीन महाप्रबन्धक सुरेन्द्रकुमार पौडेल
- तत्कालीन निमित्त नायव महाप्रबन्धक महेशप्रसाद काफ्ले
- तत्कालीन निमित्त महाप्रबन्धक नवलकिशोर साह
- तत्कालीन उत्पादन महाशाखा प्रमुख सञ्जयकुमार लाल
- तत्कालीन भण्डार महाशाखा प्रमुख महेशप्रसाद साह
- तत्कालीन क्लिंकर उत्पादन विभाग प्रमुख रवीचन्द्र पौडेल
- तत्कालीन सिमेन्ट उत्पादन विभाग प्रमुख हरिप्रसाद अधिकारी
- तत्कालीन बिक्री विभाग प्रमुख रामबहादुर जिसी

पृष्ठ १ बाट क्रमशः

## नयाँको चुनौती...

यी आकासेखेती हुन् । यिनीहरू जनतासम्म पुगेका छैनन् । कहाँबाट कसले खेलाएका हुन् थाहा छैन । एउटा मोबाइल भन्ने भाँडो छ, त्यही भाँडाबाट देशमा हुडलो मच्चाएको छ ।'

यतिमात्र हैन उनले संसद् पुनर्स्थापनाका मुद्दा पर्दा पनि अदालत नबोलेकोमा अचम्म मानेका छन् । 'हामीले संसद् पुनर्स्थापनाको माग गरिरहेका छौं । संविधान मिचिएको छ भनिरहेका छौं । अदालतले यसमा बोल्नुपर्छ,' ओलीले भनेका छन् । ओलीले बाहिर यसो भन्दै गर्दा चुनावी तयारीमा भने रणनीति बनाएरै लागेको उनी निकट नेताहरू बताउँछन् ।

एमाले अहिले पार्टी छाडेर नेपाली कम्युनिस्ट पार्टी (नेकपा)तिर लागेका नेताहरू फकाउन लागिपरेको उनीहरू बताउँछन् । 'बाहिर पार्टी अध्यक्षले चुनावको विरोध गरेको देखिए पनि भित्री रूपमा एमाले परिपक्व तरिकाले नतिजा आफ्नोपक्षमा पार्ने रणनीति बनाउन लागिपरेको छ । सुरुआती चरणमा पार्टी छाडेर नेकपातिर लागेका नेताहरूलाई फकाएर मत आफूतिर पार्ने तयारी छ,' एमालेका ती नेताले भने । यतिमात्र हैन जेन-जी विद्रोहमा सबै पार्टी एकातिर हुँदा एमाले भने एक्लो रक्षात्मक बनेर उभिएको छ । एमालेले भदौ २३ मा र भदौ २४ लाई फरक तरिकाले विश्लेषण गरेर भदौ २४ गतेको दोष विद्रोह पक्षधरलाई लगाउने तयारीमा देखिन्छ । यसले भदौ २४ गते भएको विध्वंसको विरोधमा मतदाताले आफूलाई मत जाहेर गर्ने एमालेको आशा देखिन्छ ।

एमाले सचिव डा. राजन भट्टराई पार्टीले घोषणापत्रमार्फत पनि मतदातालाई आकार्षित गर्ने बताउँछन् । 'कतिपयले केही पनि भएन भन्ने एकतर्फी भाष्य निर्माण गर्न खोजिरहेका छन्, जुन सरासर गलत हो । हामीमध्ये धेरैले १० वर्ष अघिको नेपालको पूर्वाधार अवस्था देखेका छौं । राजनीतिक अस्थिरताका बाबजुद पूर्वाधार क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ- सडक, खानेपानी, विद्युत्, सञ्चारजस्ता आधारभूत सेवा विस्तार भएका छन्,' भट्टराईले आइतबार एक कार्यक्रममा भने ।

यद्यपि, अहिलेको प्राथमिकता आर्थिक सुशासन भएको र लगानीको वातावरण बनाउनुपर्ने उनले बताए । 'अहिलेको प्राथमिकता सुशासन र लगानीमैत्री वातावरण निर्माण हो । राजनीतिक स्थिरता नभएसम्म लगानीकर्ताले विश्वास गर्दैन । लगानीको सुरक्षा, प्रतिफलको सुनिश्चितता र कानुनी जटिलताको अन्त्य नगरी न आन्तरिक न वैदेशिक लगानी आकर्षित हुन्छ,' उनले भने ।

यता नेपाली कांग्रेसले भने जेन-जी विद्रोहले मागेको नेतृत्व परिवर्तनको मुद्दालाई विशेष महाधिवेशनमार्फत सम्बोधन गरेको दाबी गरेको छ । 'विद्रोहले नेतृत्व परिवर्तन गर्नु भनेको थियो । हामीले यो गरेका छौं,' सभापति गगन थापाले भने, 'जेन-जी विद्रोहपछि सबैभन्दा नयाँ पार्टी नै नेपाली कांग्रेस बनेको छ ।'

थापाको नेतृत्वमा अघि बढेको कांग्रेसले मधेस जोड्नेगरी नयाँ 'भिजन' ल्याउने तयारी गरेको छ । सभापति थापालाई प्रधानमन्त्रीको उम्मेदवारको रूपमा अघि सार्दै कांग्रेसले 'भिजन-१०' मार्फत मतदातालाई आफूतिर आकर्षित गरिरहेको छ । यतिमात्र हैन कांग्रेसले प्रत्यक्षमा १६५ मध्ये १०६ स्थानमा युवा उम्मेदवारहरूलाई मौका दिएको छ ।

कांग्रेसका महामन्त्री प्रदीप पौडेलले कांग्रेसले '१० बुँदामा घोषणापत्र' ल्याउन लागेको र स्थिरतालाई प्रमुख मुद्दा बनाउने बताए । 'हामीले घोषणापत्रमा राख्ने कन्टेन्टको विषयमा सबैसँग छलफल गरेर राख्नुपर्छ । हामी सबैको सुझाव समेट्छौं । छलफल चलाइरहेका छौं,' उनले भने, 'हामीले स्थिरता चाहिन्छ भनेको आर्थिक विकासकै लागि हो । जनतालाई चित्त बुझ्नेगरी ल्याउँछौं । हामी भ्रष्टाचारमुक्त नेपाल बनाउन चाहन्छौं ।'

यसैगरी कांग्रेसले विशेष महाधिवेशनमा असन्तुष्ट रहेको पक्षलाई पनि मनाउने कोसिस गरिरहेको छ । यता विभिन्न वाम शक्तिसँग एकता गर्दै नेपाली कम्युनिस्ट पार्टी बनेको पुष्पकमल दाहाल नेतृत्वको दलले भने भावनात्मकरूपमा मत तान्ने प्रयास जारी राखेको छ । जेन-जी विद्रोहलाई समर्थन गरे पनि पछिल्लो समय कमजोर देखिएको यो दलका संयोजक पुष्पकमल दाहालले आइतबारमात्र भावनात्मक सन्देश जारी गरेका छन् ।

दाहालले आफू खलनायकका रूपमा इतिहासको पानामा हराउन आफू तयार नरहेको उल्लेख गर्दै देशलाई सही दिशामा नलगी राजनीतिबाट आराम नलिने उद्घोष गरेका छन् । 'यदि म धेरै अघि बिदा भएको भए सायद देशले मलाई नायकको रूपमामात्र सम्झिन्थ्यो होला । तर, म खलनायक बनेर इतिहासको पानामा हराउन चाहन्नँ । म यो देशलाई सही दिशामा नपुर्‍याएसम्म विश्राम लिने छैन । तपाईंहरूले मलाई आज कुन रूपमा देख्नुहुन्छ, यो तपाईंहरूको स्वतन्त्रता र अधिकारको कुरा हो । तर मेरो अभावमा मेरो उपस्थितिको महसुस तब हुने छ, जब तपाईंहरूले मैले कोरेका परिवर्तनहरूलाई भोग्नुहुने छ । म हार मान्न तयार छैन किनकि मेरो काम अझै सकिएको छैन,' दाहालले भिडियो सन्देश जारी गर्दै भनेका छन् ।

नेकपाका नेता देव गुरुङले मतदाता आकर्षित गर्न सुशासनलाई पहिलो एजेण्डा बनाउने बताए । 'नेपाली अर्थतन्त्र उत्पादन मुखी बनाउन हामीले जोड दिएका छौं । आत्मनिर्भर बनाउन हामीले उत्पादन बढाउन सहकारी र सार्वजनिक क्षेत्रलाई जोड दिएको छौं,' गुरुङले भने । यद्यपि गुरुङले निर्वाचनको निष्पक्षतामाथि भने आशंका व्यक्त गरेका छन् । 'निर्वाचनबाट प्रोक्सी दलहरू आउने त होइन भन्ने शंका छ,' गुरुङले भने । विशेष महाधिवेशनअघि कांग्रेससँग तालमेलको प्रयासमा रहेको नेकपा अहिले एमालेसँग 'सबै वाम, एक ठाम' नीतिका साथ चुनावी गठबन्धनको गोप्य छलफलमा रहेकोसमेत बताइएको छ ।

■■■

## पूर्वअर्थमन्त्री...

त्यसले पनि रूपन्देही- २ मा पौडेलको प्रभाव कम छैन । शनिबार पौडेलले चुनावी क्षेत्रमा दाबीसाथ भने, 'यो चुनावमा जित्ने एमालेले हो, त्यसका उम्मेदवार मैले हो । किनभने रूपन्देही समृद्ध र विकसित बनाउने योजना कसैको हो भने त्यो नेकपा एमालेको हो, त्यसको सदस्यको नाताले मेरो पनि हो । त्यसैले जितको हकदार मै हुँ ।'

यता कांग्रेसका लागि रूपन्देही-२ 'कमब्याक' गर्ने अवसरका रूपमा हेरिएको छ । त्यहाँ कांग्रेसले उद्योगी चुन्नुप्रसाद पौडेललाई उम्मेदवार बनाएको छ । विशेष महाधिवेशनपछि गगन थापा सभापति बनेसँगै कांग्रेसले गठबन्धनका कारण छरिएका मत फिर्ता ल्याउने रणनीति बनाएको छ । अघिल्लोपटक गठबन्धनका कारण असन्तुष्ट मतदाताले रास्वपालगायत दल रोजेको कांग्रेसको आन्तरिक विश्लेषण छ । यसपटक कांग्रेस उम्मेदवारले आफ्ना परम्परागत मतदातालाई फिर्ता ल्याउने अभियानलाई मुख्य एजेण्डा बनाएका छन् । बुटवल बहुमुखी क्याम्पसका राजनीतिशास्त्रका उपप्राध्यापक उद्धव गौतमका अनुसार गगन थापाले नेतृत्व लिएपछि कांग्रेसका युवाहरूमा उत्साह देखिन्छ । उनले प्रभावसँग भने, 'उम्मेदवार पुरानै भए पनि संगठनमा आत्मविश्वास बढेको छ ।'

यहाँ राष्ट्रिय जनमुक्ति पार्टीका अध्यक्ष केशवबहादुर थापा मगर पनि यसपटक प्रमुख चुनौतीका रूपमा देखिन्छन् । अघिल्लो चुनावमा उनी २२ हजार २७ मतसहित तेस्रो स्थानमा थिए । यद्यपि, समानुपातिकतर्फ पार्टीले करिब चार हजार मतमात्रै पाएकोले संगठनात्मक आधार कमजोर रहेको विश्लेषकहरूको बुझाइ छ । यससँगै कांग्रेस, नेकपा, राप्रपालगायत दलहरूको उपस्थिति मिलेर यस क्षेत्रलाई स्पष्टरूपमा त्रिपक्षीय भिडन्ततर्फ धकेलेको छ- एमाले, रास्वपा र कांग्रेसबीच ।

रूपन्देही-२ मा जित/हारको चाबी भने बुटवल उपमहानगरपालिका वडा नम्बर ११ लाई मानिन्छ । यस वडामा मात्रै १७ हजार ९४३ मतदाता छन्, जुन यस क्षेत्रकै सबैभन्दा ठूलो भोट बैंक हो । ठीक विपरीत बुटवल-५ मा सबैभन्दा कम एक हजार ८२५ मतदाता छन् । राजनीतिक विश्लेषक गौतमका अनुसार बुटवल-११ को मन जित्ने उम्मेदवारको जित सुनिश्चित हुने सम्भावना उच्च हुन्छ । यही कारण सबै दलको केन्द्रित चुनावी रणनीति यही वडामाथि छ ।

रूपन्देही-२ मा यसपटकको चुनाव व्यक्तिको जित/हार मात्र होइन, राजनीतिक लहर, संगठनको शक्ति र मतदाताको असन्तुष्टिको अभिव्यक्ति पनि हुने जानकारहरू बताउँछन् । पूर्वअर्थमन्त्री पौडेलको अनुभव र संगठनात्मक बल, रास्वपाको लहर र नयाँपन, र कांग्रेसको पुनरागमन प्रयास, यी तीन शक्तिको टकरावले यहाँको नतिजा राष्ट्रिय राजनीतिका लागि पनि सन्देश बन्ने विश्लेषण भइरहेको छ ।

■■■

## इपिएस प्रणाली...

शुक्रबारको बैठकबाट उक्त कुराहरू आए पनि सरकारी टोली कोरिया गएर वार्ता गरेपछि मात्र ठोस निष्कर्ष निस्कने मन्त्रालयका ती अधिकारीले बताए । युवाहरूका मागका विषयमा कोरियाले नै तयार हुनुपर्ने भएकाले माग सम्बोधनमा कठिनाइ रहेको उनले बताए । 'कोरियाले नमानी हुँदैन । यता पीडितपक्षको आन्दोलन रोकिएको छैन । गाह्रो छ माग सम्बोधन हुन,' उनले भने ।

कोरियाले नेपाली पक्षलाई वर्ताका लागि बोलाउने संकेत देखिए पनि नजिकै आएको निर्वाचनका कारण तत्काल नभई निर्वाचनपछि मात्र कुरा अगाडि बढ्नसक्ने उनले बताए । 'उताबाट बोलाउने जस्तोचाहिँ देखिरहेको छ । छिट्टै बोलाउँछौं भनेको छ तर हाम्रो यहाँ चुनाव आएको छ । उता जाने कुरा चुनावपछि मात्र हुनसक्छ,' ती अधिकारीले भने ।

### वार्ता सकारात्मक नदेखिँदा युवाहरू आक्रोशित

कोरियामा भएको वार्ता सकारात्मक नदेखिएको र नेपालले पीडित युवाहरूको माग प्रभावकारीरूपमा राख्न नसकेको भन्दै आन्दोलनरत युवाहरू आक्रोशित भएका छन् । एचआरडी कार्यालयमा जारी आन्दोलन शनिबारबाट आन्दोलन स्थगित छ, तर अझ सशक्त भएर आउने उनीहरूको दाबी छ । कोरियाको नाममा हरेकचोटि दशौं हजार युवा पीडित भएको भन्दै इपिएस बन्द हुने चेतावनीले पछि नहट्ने आन्दोलनको नेतृत्व गरिरहेका एक युवाले बताए ।

'हामी रोकिएको होइन, मास जुटाउँदै छौं । शुक्रबारको वार्ता हेर्दा पनि माग सम्बोधन हुने देखिँदैन । सरकारका कर्मचारीले पनि केही गर्न सकेको देखिँदैन । यो आन्दोलन अझ चर्किन्छ,' उनले भने, 'दुई वर्षमा एकपटक पनि कम्पनीमा फाइल नपुग्ने अनि सकियो तिमीहरूको भविष्य भनेर हुन्छ ? यो प्रणाली बन्द भए पनि होस् । यहाँ वर्षैपिच्छे दशौं हजारपीडित बनाउने, पैसा लग्ने, नेपाल सरकारका कर्मचारी पाल्नेमात्र काम भएको छ ।'

इपिएस समस्याबारे अध्ययन गर्न मन्त्रालयले प्रवक्ता पिताम्बर घिमिरेको संयोजकत्वमा एक अध्ययन कार्यदल गठन गरेको थियो । उक्त प्रतिवेदनमा आवेदकको उमेर हद घटाउँदा केही हदसम्म समस्याको न्यूनीकरण हुने सुझाव राखिएको छ । आन्दोलनरत पक्षले उक्त सुझावप्रति समेत आपत्ति जनाएको छ । उमेर हदका विषयमा आफूहरूको कुनै समस्या नरहेको र हालको नियमले कम्तीमा असफल भएको व्यक्तिलाई फेरि परीक्षा दिन मिल्ने बनाएको अवस्थामा कर्मचारीहरूले कुरा नबुझेको अर्का युवाको भनाइ छ ।

'परीक्षार्थीको उमेर ३५ वर्ष बनाउने भन्ने सुझाव दिएको रहेछ । लोकसेवाको दिएको हो र ? ३३ वर्षमा कोरियन भाषा परीक्षा दिएको मान्छे ३५ वर्ष हुन्छ,' उनले भने, 'अनि अझ उमेर हद ३५ वर्ष बनाऔं भनेर प्रस्ताव गरेको छ । कोरिया जानलाई पर्खंदापर्खंदै ३५ वर्ष कटेको मान्छे त्यसपछि के गर्न जाने ? मन्त्रालयका कर्मचारीहरूबाट हामीलाई झन् पीडित बनाउने काम हुँदै छ ।' मन्त्रालयले भने बढि उमेरका कामदार न्यून संख्यामा लग्ने भएकाले यस्तो सुझाव मात्र दिएको जनाएको छ । पीडित युवाहरूले रोस्टर अवधि बढाउनपर्ने, कोटा थप गर्नुपर्ने, कामदारको छनौट पारदर्शी हुनुपर्ने लगायतका माग राख्दै आएका छन् ।

सन् २०२४ मा जान भनेर आवेदन दिएका एक लाख ८१ हजार २९९ जना युवामध्ये १८ हजार २८२ जना परीक्षामा उत्तीर्ण भएको श्रम मन्त्रालयको तथ्यांक छ । जसमध्ये आठ हजार ९१२ जनाको रोस्टर अवधि यही २०२६ भित्र सकिँदै छ ।

■■■

## अनावश्यक...

मागकर्ताको मागका विषयमा कूटनीतिक पहलका लागि पत्राचार भएको र बैठकको विषयवस्तु पनि तय भएकाले निमन्त्रणा गर्नेबित्तिकै समस्या समाधानका लागि नेपालको टोली जाने उल्लेख गरिएको छ । मन्त्रालयले छानबिन समितिको सुझावलाई क्रमशः कार्यान्वयन गराउँदै लगेकोसमेत दाबी गरेको छ । यस्तै रोस्टरमा रहेकाहरूका लागि सबै मुलुकहरूमा एउटै प्रणाली नियम लागू हुने र कामदार छनोट स्वचालित अनलाइन प्रणालीले गर्ने भएकाले शंका नगर्नसमेत अनुरोध गरिएको छ ।

■■■

## तत्कालीन...

उत्पादन विभाग प्रमुख हरिप्रसाद अधिकारी र तत्कालीन बिक्री विभाग प्रमुख रामबहादुर जीसीविरुद्ध पनि जनही ४६ करोड ५२ लाख ७४ हजार रूपैयाँ बिगो मागदाबी गर्दै मुद्दा दायर गरिएको छ । अख्तियारले भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार बिगोबमोजिम जरिवाना र कैद सजायको माग गरेको छ । अख्तियारका अनुसार आर्थिक वर्ष २०७४/७५ देखि २०७७ साल पुस मसान्तसम्मको अवधिमा उद्योगभित्र कागजी अभिलेख र मौज्दात परिमाणबीच ठूलो अन्तर भेटिएको थियो । कागजमा देखाइएको परिमाणभन्दा परीक्षणमा ३८ हजार ७६९ मेट्रिक टन क्लिंकर कम भेटिएपछि अख्तियारले अनुसन्धान थालेको प्रवक्ता सुरेश न्यौपानेले बताए । उनका अनुसार २०७४/७५ मा एक हजार १२९ मेट्रिक टन, ०७५/७६ मा १० हजार २९० मेट्रिक टन, २०७६/७७ मा एक हजार ३२५ मेट्रिक टन र २०७७ साउन-पुस मा २६ हजार ११५ मेट्रिक टन क्लिंकर हिनामिना भएको पाइएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र महालेखा परीक्षकको प्रतिवेदनमा क्लिंकरको खपत बढी तर उत्पादन घटी देखिएको उल्लेख भएपछि अख्तियारले औपचारिक अनुसन्धान थालेको हो । ती प्रतिवेदनहरूले उद्योगको आन्तरिक लेखापरीक्षण प्रणाली कमजोर रहेको र स्टक व्यवस्थापनमा गम्भीर त्रुटि भएको संकेत गरेका थिए । यही आधारमा अख्तियारले कागजी रेकर्ड, गोदामको निरीक्षण, उत्पादन-खपत विवरण र सम्बन्धित कर्मचारीहरूको भूमिकालाई समेटेर विस्तृत अनुसन्धान गरेको बताइएको छ ।

अनुसन्धान विवरणअनुसार उद्योगमा क्लिंकरको वास्तविक खपत, उत्पादन र भण्डारणको विवरणबीच लगातार अन्तर देखिँदै आएको थियो । प्रवक्ता न्यौपानेका अनुसार कागजी रेकर्डमा पर्याप्त स्टक देखाइए पनि गोदाममा स्टक कम भेटिनु, उत्पादन र बिक्रीको हिसाब नजोडिनु तथा आन्तरिक अनुगमन संयन्त्र निष्क्रिय रहनुले हिनामिना भएको निष्कर्षमा अख्तियार पुगेको हो ।

उदयपुर सिमेन्ट उद्योग लामो समयदेखि घाटा, व्यवस्थापन कमजोरी र विवादमा पर्ने सार्वजनिक संस्थानमध्ये पर्छ । यस प्रकरणले सरकारी स्वामित्वका उद्योगहरूमा आन्तरिक नियन्त्रण, लेखापरीक्षण र पारदर्शिताको अभाव कति गम्भीर छ भन्ने प्रश्न पुनः उठाएको छ । तत्कालीन महाप्रबन्धक पौडेलसहितका कर्मचारीहरूविरुद्ध यसअघि पनि भ्रष्टाचार मुद्दा विशेष अदालतमा दायर भएको थियो ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८२।१०।०३ गते काठमाडौं जिल्ला का.जि. कागेश्वरी मनोहरा न.पा.९ चन्द्रसूर्य कोलनीस्थित पार्किङ गरी राखिएको अवस्थामा कालो र रातो रङ्को बजाज कम्पनीको २२० सि.सि. को मोटरसाइकल अन्दाजी साँझ १७:१० बजेको समयमा हराएको हुँदा भेट्नुहुने अथवा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरी दिनु हुन बिनम्र अनुरोध गर्दछु ।

धनीको नाम : हुलास अटो क्राफ्ट कम्पनी
ऋणीको नाम : दिपक फुयाल
बाइक नं.: बा.प्र. ०२ - ०५१ प ६८६२
च्यासिस नं.: MD2A13EXORCB80954
इन्जिन नं. : OKXCRB19310
ठेगाना : कागेश्वरी मनोहरा न.पा.वडा नं.९,काठमाडौँ
सम्पर्क नं. ९८५१०४३६२७

**मोटरसाइकल हराएको सूचना**

मिति २०८२।०८।२१ गते जिल्ला बारा, कृषि सामग्री कम्पनी कलैया शाखाको अगाडि पार्किङ गरी राखिएको अवस्थामा कालो र रातो रङ्को बजाज कम्पनीको २०० सि.सि. को मोटरसाइकल अन्दाजी साँझ ६:२० बजेको समयमा हराएको हुँदा भेट्नुहुने अथवा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरी दिनु हुन बिनम्र अनुरोध गर्दछु ।


सवारी धनीको नाम : हुलास फिन सर्भ हायर पर्चेज लि.
ऋणीको नाम : पवन कुमार साह
बाइक नं.: बा.प्र. ०२ - ०५९ प २१६१
च्यासिस नं.: MD2A36FX2MCH97873
इन्जिन नं. : JLXCMH93725
ठेगाना : जिल्ला बारा महागढीमाई न.पा.४
सम्पर्क नं. ९८११८१९९१३

**श्री डिभिजन वन कार्यालय कैलाली को सरकारद्वारा व्यवस्थित वनको काठदाउरा संकलन सम्बन्धी सूचना**

**पहिलो पटक प्रकाशित मिति २०८२/१०/१९**

डिभिजन वन कार्यालय कैलाली, अनर्गतको सव डिभिजन वन कार्यालय खैरालाको कार्यक्षेत्रमा पर्ने चूरे गा पा-४ बालूवागडा र जगाती बासखोला स्थित सरकारद्वारा व्यवस्थित वन क्षेत्रमा रहेका ढलापडा सुख्खाखडा रुखहरू संकलन (कटान, मुछान, ढुवानी) तथा घाटगद्दी समेत गराउनका लागि स्वीकृत जिल्ला दर रेट (कैलाली) अनूसारको काठ दाउरा संकलन तथा घाटगद्दी कार्यको लागत ईस्टिमेट वमोजिम गोलिया काठ संकलन प्रति क्यु फि. रु १५३।९५ र दाउरा संकलन प्रति चट्टा रु १६,८२७- र सव डिभिजन वन कार्यालय गोदावरीको कार्यक्षेत्रमा पर्ने गोदावरी न. पा.-४ बन्दगडा हाटखोली स्थित सरकारद्वारा व्यवस्थित वन क्षेत्रमा गोलिया काठ संकलन प्रति क्यु फि. रु १५६।२५ र गोदावरी न. पा.-८ खुटीया कालाखोला वनबाट गोलिया काठ संकलन प्रति क्यु फि. रु १५७।३५ घटाघट प्रकृयावाट ठेक्का वन्दोवस्त गर्नूपर्ने भएकोले आन्तरिक राजश्व कार्यालयमा दर्ता भई स्थायी लेखा नं. (PAN) वा मु.अ.कर दर्ता नम्वर, आ.व. २०८१/०८२ को कर चूक्ता प्रमाणपत्र भएका काठ सम्वन्धि व्यवसाय गर्न ईजाजत प्राप्त फर्म, कम्पनि वा व्यक्तिले पहिलो पटक सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्रौं) दनको कार्यालय समयभित्र डिभिजन वन कार्यलय कैलाली र वन निर्देशनालय धनगढी कैलालीबाट बोलपत्र खरिद गरि सिलवन्दी बोलपत्र १६ (सोह्रौ)औं दिन दिनको ४ बजेभित्र यस कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । काठ दाउरा संकलन तथा घाटगद्दी सम्वन्धि विस्तृत सूचना यस कार्यालयमा तथा सम्वन्धित अन्य कार्यालयहरूमा समेत टांस गरिने व्यहोरा जानकारी गरिन्छ ।


## आजको राशिफल




**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६


**सोमबार, १९ माघ, २०८२**

| राशि | फल |
| --- | --- |
| मेष | कर्मशिलतामा वृद्धि हुनेछ । छिटो निर्णय नलिनु राम्रो हुन्छ । |
| वृष | भाग्यले साथ दिनेछ । अनावश्यक चिन्ताले भने सताउन सक्छ । |
| मिथुन | आर्थिक स्थितिमा सुधार आउनेछ । मन प्रफुल्ल रहनेछ । |
| कर्कट | मन चन्चल रहनेछ । परिवारमा सुखको सञ्चार हुनेछ । |
| सिंह | दौडधुप बढ्नेछ । मनमा सुन्दर विचार बढेर जानेछ । |
| कन्या | ज्ञान वृद्धि हुनेछ । सकारात्मक सोचमा वृद्धि हुनेछ । |
| तुला | परिवारमा सुख छाउने छ । सिर्जनात्मक सोचको वृद्धि हुन्छ । |
| वृश्चिक | पराक्रम बढेर जानेछ । धेरै काममा हात नहाल्नु राम्रो हुन्छ । |
| धनु | वाणिमा गहनता छाउने छ । आर्थिक लाभको स्थिति मजबुत छ । |
| मकर | मनमा धेरै विचार खेल्नेछन् । सोचेर कामको थालनी गर्नु राम्रो हुन्छ । |
| कुम्भ | स्वास्थ्य गडबड रहन सक्छ । वैदेशिक यात्रामा भने सफलता मिल्ने योग रहेको छ । |
| मीन | चौतर्फी क्षेत्रबाट लाभ मिल्ने सम्भावना रहेको छ । मन भने मलीन रहन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
| --- | --- |
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
| --- | --- |
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
| --- | --- |
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**१९ माघ, २०८२ (०२ फेब्रुवरी, २०२६)**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
| --- | --- | --- | --- |
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४६.८८ | १४७.४८ |
| युरो | १ को | १७५.१२ | १७५.८३ |
| पाउन्ड स्टिर्लङ | १ को | २०१.९४ | २०२.७६ |
| स्विस फ्रैन्क | १ को | १९१.०९ | १९१.८७ |
| अस्ट्रेलियन डलर | १ को | १०२.७९ | १०३.२१ |
| क्यानाडियन डलर | १ को | १०८.५१ | १०८.९५ |
| सिङ्गापुर डलर | १ को | ११५.८४ | ११६.३१ |
| जापानी येन | १० को | ९.५३ | ९.५७ |
| चिनियाँ युआन | १ को | २१.१३ | २१.२१ |
| साउदी अरब रियाल | १ को | ३९.१६ | ३९.३२ |
| कतारी रियाल | १ को | ४०.३० | ४०.४७ |
| थाई भाट | ख १ को | ४.६८ | ४.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.९९ | ४०.१६ |
| मलेसियन रिङेट | १ को | ३७.२६ | ३७.४१ |
| दक्षिण कोरियन वन | १०० को | १०.१९ | १०.२३ |
| स्विडिस क्रोनर | १ को | १६.५९ | १६.६६ |
| डेनिस क्रोनर | १ को | २३.४५ | २३.५५ |
| हङकङ डलर | १ को | १८.८१ | १८.८९ |
| कुवेती दिनार | १ को | ४८१.९७ | ४८३.९४ |
| बहराइन दिनार | १ को | ३८९.५९ | ३९१.१८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# एकमहिने माधवनारायण मेला सम्पन्न



**भक्तपुर–** हनुमानघाटस्थित त्रिवेणीधाममा आइतबारदेखि एकमहिने कठिन माधवनारायण मेला एवं व्रत सम्पन्न भएको छ । नेपाल संवत्को आठौं शताब्दीबाट प्रारम्भ भई हरेक वर्षको पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म लाग्ने एकमहिने माधवनारायण व्रत एवं मेला सम्पन्न भएको हो ।

मेलामा महिला तथा पुरुष व्रतालुले त्रिवेणी धाममा स्नान गरी, सूर्यलाई अर्घ्य दिएर माधवनारायणको पूजा गरेपछि व्रत सुरु भएकामा आइतबार हनुमानघाटस्थित त्रिवेणीधाममा व्रतालुले स्नान गरी सूर्यलाई जलार्पण गरी माधवनारायणको पूजा एवं होमयज्ञादी गरी मेला सम्पन्न भएको पुजारी सरोजन शर्माले बताए ।

साँखुको शालिनदीमा भन्दा पहिलादेखि यो मेला एवं व्रत सुरु भएको शिलालेख एवं ग्रन्थमा उल्लेख भएको भन्दै उनले तत्कालीन राजा रणजित मल्ल आफैं उपस्थित भएर व्रत प्रारम्भ गराएको शिलालेखमा रहेको जानकारी दिए । माधवनारायणको व्रत बस्ने व्यक्तिले त्रिवेणी कुण्डमा दैनिक नित्य पूजा तथा माधवनारायण एवं श्रीस्वस्थानीको कथा वाचन गर्ने गरेका थिए ।

नेसं ७२२ मा रणजीत मल्ल आफैंले व्रतको व्यवस्थापन गरिएका शिलालेखमा उल्लेख गरिएको बताउँदै उनले यहाँस्थित त्रिवेणीघाटमा डुबेर एकचित्त भएर जे माग्यो त्यो पूरा हुने जनविश्वास रहेकाले यहाँ व्रत बस्ने र स्नान गर्ने आउने गरेको जानकारी दिए ।

व्रतालुले खाली खुट्टा पैदल नै तिल माधवबाट तलेजु भवानीसम्म, सप्तमीमा पनौती गएर त्रिवेणीमा बसेर स्नान गरी इन्द्रेश्वर महादेवको दर्शन गरी अष्टमीमा फर्कने, दशमीमा पशुपति गएर स्नान गरी जल चढाएर जयवागेश्वरी ताम्रेश्वर महादेवसम्म कलश यात्रा गरेको, द्वादशीमा चाँगुनारायण शंखदहमा स्नान गरी कलश लिएर चाँगुनारायणको दर्शन गरेको र माघ शुक्ल पूर्णिमाका दिन नगर परिक्रमा गरेर भूपतिन्द्र मल्लको मूर्तिमा इन्द्रकलश चढाएर एकमहिने व्रत समापन गरिएको व्रतालु विनोदकुमार प्रजापतिले जानकारी दिए ।

व्रतालु त्रिवेणीघाटमा महिना दिनसम्म बसेर व्रत पूरा गर्ने र कतिपय व्रतालु भने हरेक दिन बिहान त्रिवेणीघाटमा आएर नुहाउने तथा विभिन्न स्थानको कलश यात्रामा सहभागी जनाउने परम्परा रहेको पुजारी मनोज शर्माले जानकारी दिए । त्रिवेणी धाममा एक महिनासम्म गणेश, कुमार, फूल ल्याउने माली र पाँच जना गुरु पुरोहितले व्रत एवं पूजाको व्यवस्थापन गरिएको उनले जानकारी दिए ।

त्रिवेणीधाममा महिलाका लागिमात्रै व्रत बस्ने व्यवस्था गरेको छ । महिला पुरुष गरी यस वर्ष ३५ जनाले माधवनारायणको व्रत बसेको माधवनारायण व्रत समितिले जानकारी दिएको छ । आइतबार भने २०० भन्दा बढी महिलाले त्रिवेणीधाममा आएर स्नान गरी व्रत समापन गरेका छन् ।

हनुमन्ते खोलामा पानीको सट्टा ढल बगेकाले यहाँ व्रत बस्नेको संख्या निकै घटेको भन्दै भक्तपुर नगरपालिकाले ढललाई हनुमन्ते खोलाबाट नबगाई व्यवस्थापन गरे व्रतालु बढ्ने व्रतालुहरूको भनाइ छ ।

भक्तपुर नगरपालिकाभित्रका सबै ढल मिसिएर दुर्गन्धित बनेको हनुमानघाटको उक्त हनुमन्ते खोलामा मेला सञ्चालनका लागि नगरपालिकाले हनुमानघाटस्थित त्रिवेणीधाम खोलामा डोजर लगाएर स्नान गर्न खाल्डो बनाइएको र त्यही खाल्डोमा राति बग्ने पानी तथा इनारको पानी राखी स्नानका लागि व्यवस्था गरिएको थियो । *रासस*

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## हकदावी गर्न आउने बारेको ३५ दिने सूचना

प्रकाशित मिति २०८२/१०/१९ गते

यस कार्यालयमा मिति २०७३/०९/२८ मा दर्ता भएको **रिजन एन्ड साईन्स प्रोजेक्टस मुनाफा वितरण नगर्ने प्रा.लि. (प्रा.लि.नं. १६१७२८)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हकदावी**को लागि **३५ (पैतिस)** दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

## अधिकतम् खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालबस्तुहरूको खुद्रा अधिकतम बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीका लागि यो मूल्य सुची प्रकाशन गरिएको छ ।

| सि. नं. | मालबस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | उत्पादित मुलुक राष्ट्र | क्षमता | इकाइ | प्रति इकाइ मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | इलेक्ट्रिक रिक्सा | इलेक्ट्रिक रिक्सा | NANYA | SAWAARI | भारत | १२०० वाट | २५ पिस | २,२२,१००/- | २,३८,८००/- |

**बिक्रेता फर्मको नाम: जामुनी अटो सेन्टर प्रा.लि.**
**स्थायी लेखा नं: ६१०२९४९९०**
**फोन नं : ९८०२३४५४७२**
**Exime Code: ६१०२९४९९००१३९ NP**
**ठेगाना : तिलोत्तमा-५, रूपन्देही, नेपाल**

---

## पतंजली हार्डवेयर प्रा. लि. खारेजी (लिक्विडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०५/०८ मा दर्ता भएको प्रा. लि. नं. १९७०१७/०७५/०७६ को पतंजली हार्डवेयर प्रा. लि.लाई खारेजी (लिक्विडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८१/१०/१३ गतेको विशेष सधारणसभाले निर्णय गरेकोले तिर्नु ब्यहोर्नु पर्ने ऋण, धन एव कोही/कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्विडेटर, बिनोद कुमार प.प.नं. ५९३, मो.नं. ९८५१०६४६२०

---


## साउदीमा रोजगार

कम्पनी : WRASS OPERATION MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१८ | LT. No. 333185 | चलानी नं. ६०२४६८५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Hospital-Indoor) | 0 | 60 | 1000 | ३८,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MODERN SOLUTIONS TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | LT. No. 338012 | चलानी नं. ६०२५१५७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Labor | 9 | 0 | 1000 | ३८,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २६ गते (9th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७


---

**सुदूरपश्चिम प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**

# सेती प्रादेशिक अस्पताल

**धनगढी, कैलाली, नेपाल**

## बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१०/१९)**

यस अस्पतालले निम्नानुसारको कार्यका लागि निर्धारित मितिभित्र विद्युतिय खरिद प्रणालीमा दर्ता भएका बोलपत्रहरूको मुल्यांकन पछि न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही रहेका तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (१) बमोजिम स्वीकृतिका लागि छनौट भएकोले सोही ऐनको दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं | कामको विवरण | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (मुअकर सहित) |
|---|---|---|---|---|
| १ | SPH/NCB/service/03/082/83 | सुरक्षा सेवा खरिद | कान्तिपुर सेक्युरिटि सर्भिस प्रा.ली, का.म.न.पा. ७ चावहिल काठमाडौं | ६०,१७,९२३.६६ |
| २ | SPH/NCB/service/04/082/83 | सरसफाईकर्मी तथा कार्यालय सहयोगी सेवा खरिद | सगरमाथा मल्टी सर्भिस प्रा.ली, का.म.न.पा. ३१ मिनभवन काठमाडौं | १,२७,८१,२००.७९ |

---


## युएइमा रोजगार

कम्पनी : AL LAMAA AL FAIQAH CONCRETE CARPENTER CONT

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | LT. No. 338064 | चलानी नं. ६०२५१५७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Tile Layer | 12 | 0 | 1300 | ५२,४१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Stone Mason | 13 | 0 | 1500 | ६०,४७५ | | | | | | | |
| 3 | Steel Fixer | 8 | 0 | 1500 | ६०,४७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २६ गते (9th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1476/074/75
**NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD**
Gaushala, Pingalaisthan, Kathmandu, Nepal, Tel: 014598920,
Mob: 9801076290, E-mail : nepallifera1476.2017@gmail.com

---

## कुवेतमा रोजगार

कम्पनी : SPORTS PASSION GYM INSTITUTE COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८२/१०/१८ | चलानी नं.: ६०२५१५८२ | LT.No.: 338101

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Labour -Indoor | 0 | 10 | स. काममा दक्ष | 90 | ४३,३७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २६ गते (9 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82 | MAHA
**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

---

## कतारमा रोजगार

कम्पनी : KAFTYRYA WM'SRH T'M AL-SHAY

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | LT. No. 338054 | चलानी नं. ६०२५१५६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 6 | 0 | 1500 | ६१,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner General | 6 | 2 | 1200 | ४८,८०० | | | | | | | |
| 3. | Female Waitress | 0 | 2 | 1400 | ५६,९३५ | | | | | | | |
| 4. | Waiter | 4 | 0 | 1400 | ५६,९३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २६ र २७ गते (9 & 10 Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd.**
श्रम इजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

---

## ओमनमा रोजगार

कम्पनी : AL ADRAK TRADING AND CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/०८/०८ | पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | LT. No. 333639 | चलानी नं. ६०२४७६४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONCRETE MASON | 19 | 0 | 120 | ४६,२१२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Reinforcing Fitters | 17 | 0 | 120 | ४६,२१२ | | | | | | | |
| 3 | Wiring Electrician Assistant | 10 | 0 | 120 | ४६,२१२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: बाँके, नेपालगन्ज उप-महानगरपालिका, नेपालगन्ज ट्रेनिङ सेन्टरमा मिति: २०८२ माघ २६ गते (9th Feb. 2026) मा हुनेछ ।
सुनसरी, इटहरी उप-महानगरपालिका, सुनसरी ट्रेनिङ सेन्टरमा मिति: २०८२ माघ २७ गते (10th Feb. 2026) मा हुनेछ ।
झापा, दमक नगरपालिका, पाथिभरा ट्रेनिङ सेन्टरमा मिति: २०८२ माघ २८ गते (11th Feb. 2026) मा हुनेछ ।
सिरहा, गोलबजार नगरपालिका, मा धामिनि ट्रेनिङ सेन्टरमा मिति: २०८२ माघ २९ गते (12th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३७/०५५/०५६
**Hit Overseas Employment Pvt.Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977- 01-4359147, 4357454, 98510 56401,
E-mail : bhubanpun@gmail.com

---

## युएइमा रोजगारको अवसर

कम्पनी : KIBSONS INTERNATIONAL LLC

पूर्व स्वीकृति मिति : २०८१/११/२५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/१०/१८ | LT. No. 320030 | चलानी नं. ६०२३४२१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Porter | 18 | 0 | 1300 | ५२,४१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KIBSONS INTERNATIONAL LLC

पूर्व स्वीकृति मिति : २०८१/०२/२३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/१०/१८ | LT. No. 305692 | चलानी नं. ६०२२०६५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Porter | 0 | 13 | 1300 | ५२,४१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २६ गते (9th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.**
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम इजाजत नं. १०१९/०६८/०६९

---

## कतारमा रोजगार

कम्पनी : AL MAKKI JEWELRIES AND WATCHES

पूर्व स्वीकृति मिति : २०८२/०१/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१८ | LT. No. 322470 | चलानी नं. ६०२३६६०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant General | 1 | 0 | 3600 | १४६,४०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Purchase Representative | 1 | 0 | 2500 | १०१,६६५ | | | | | | | |

कम्पनी : GREAT SUPREME SHINE CLEANING HOSPITALITY & CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०१/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१८ | LT. No. 323738 | चलानी नं. ६०२३७७२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Cleaner Worker | 0 | 2 | 1000 | ४०,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २६ गते (9th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA
Govt.Lic. No- 1168/073/074
**MINAWA RECRUITMENT H.R. PVT LTD**
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

---

## कुवेतमा रोजगार

कम्पनी : OMEGA INTERNATIONAL HUMAN RESOURCES DEVELOPMENT CONULTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०१/30 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१८ | LT. No. 304602 | चलानी नं. ६०२१९३६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ass Counsellor / Admin Ass / Receptionist | 2 | 0 | 150 | ७२,३६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AYURVEDIC HEALTH INSTITUTE COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | LT. No. 338022 | चलानी नं. ६०२५१५४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Massage Therapist | 20 | 0 | 150 | ७२,३६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver (Male) | 4 | 0 | 150 | ७२,३६५ | | | | | | | |

कम्पनी : RASHA ALHANDAL LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | LT. No. 338021 | चलानी नं. ६०२५१५४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 0 | 10 | 100 | ४८,२४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure/pedicure | 0 | 7 | 150 | ७२,३६५ | | | | | | | |
| 3 | Photographer | 0 | 2 | 200 | ९६,४८५ | | | | | | | |
| 4 | Receptionist | 0 | 5 | 150 | ७२,३६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २६ गते (9th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

---

## साउदीमा रोजगार

कम्पनी : IN SENSORY ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/१०/१५ | LT. No. 337916 | चलानी नं.६०२५१५२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE AGENT | 4 | 0 | 1200 | ४७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THA'IQAT AL SHARQ CATERING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/१५ | LT. No. 337917 | चलानी नं.६०२५१५२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 1100 | ४३,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AWJ ALQAHWA ALMAQTARA COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/१५ | LT. No. 337985 | चलानी नं.६०२५१५२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE | 2 | 0 | 1200 | ४७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २८ गते (11th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.**
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम इजाजत नं. १२०८/०७३/०७४

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# ग्यासको कृत्रिम अभाव नियन्त्रण गर

निर्वाचन नजिकिएसँगै दैनिक उपभोग्य सामान महँगिन थालेको छ । सबैभन्दो आवश्यक खाना पकाउने ग्यासको अभावसमेत हुन थालेको छ । निर्वाचनको मुखमा ग्यासको अभाव देखाउँदै व्यवसायीले कालोबजारीसमेत गर्न थालेका छन् । यसबाट विशेषगरी विद्यार्थीहरू र ज्यालादरीमा बसेकाहरू मार्कामा पर्न थालेका छन् ।

पछिल्लो दुई हप्ता काठमाडौं उपत्यकामा ग्यास नपाउने हल्ला चलेको छ भने व्यापारीले ग्यास लुकाउन थालेका छन् । महँगो मूल्य तिरेपछि भने उपभोक्तालाई व्यापारीले भान्सामै ग्यास ल्याउने गरेको देखिन्छ । देशले निर्वाचनमार्फत नयाँ सरकार बनाउने र सुशासन सुरु गराउने भनेर दलदेखि उम्मेदवार घरदैलोमा उत्रिँदा उपभोग्य वस्तुमा यसरी कालोबजारी सुरु हुनु आफैंमा सरकारप्रतिको विश्वास खस्कनु हो ।

जेन–जी विद्रोह सुशासनको माग गर्दै भएको थियो । भ्रष्टाचारको विरोध गर्दै भएको थियो । यही मागसहितको विद्रोहले दलको सरकार ढल्यो । विद्रोहको मागअनुसारको सरकार गठन भयो । यही सरकारले निर्वाचन गराउँदै छ । तर निर्वाचनको मुखमा ग्यासको अभाव देखिनु सुशासनमाथिकै प्रश्न हो । जनता सरकारप्रति आन्दोलित हुनुको मुख्य कारण हो– दैनिक जीवनयापनका विषय सहज नबनाउनु । ग्यास लिन महिनौं पर्खिनुपर्ने, हल्लाको पछि लागेर ग्यास थुपार्नु, लाइसेन्स छापिन महिनौं लाग्नु, पासपोर्ट लिन महिनौं कुर्न बाध्य हुनु, सामान्य सेवाका लागि पनि अनेकन झमेला झेल्नुपर्ने समस्याकै कारण व्यवस्थाविरुद्ध विद्रोह हुन्छ । महँगीविरुद्ध जनता सडकमा आउन बाध्य हुन्छन् ।

अहिले दलको सरकार नभएको कारण जनता मौन छन् । यही मौकामा व्यापारीले कालोबजारी गरेर जनताको मौलिक अधिकारमाथि खेलबाड गर्नु अति नै घृणित कदम हो । सरकारविरुद्ध आन्दोलन छेड्ने र प्रशासनविरुद्ध प्रश्न गर्ने निजी क्षेत्रले सर्वसाधारणलाई दुःख दिने नियतले कृत्रिम अभाव सिर्जना गर्नु सहच विषय हैन । व्यापारीको यस्तै किसिमको व्यवहारले लगानीमैत्री वातावरण बन्नुपर्नेमा बिग्रने डर बढ्दै जान्छ ।

अर्को विषय उपभोक्ताले पनि 'कागले कान लग्यो' भन्दैमा कान नछामी कागकै पछि लाग्नु ठीक हुन्न । हिजोआज उपभोक्ता केही वस्तुको अभाव हुन लाग्यो भन्ने हल्ला सुन्नासाथ अनावश्यक रूपमा आफ्ना लागि अतिरिक्त सञ्चय गर्न थाल्छन् । जसले गर्दा पनि अभावको सिर्जना हुने देखिन्छ । यसैले आफू अतिरिक्त सञ्चय गर्न छाडेर व्यापारी र सरकारविरुद्ध खबरदारी गर्नेतिर लाग्नुपर्छ । नभए उपभोक्ताको यस्तै व्यवहारमा भावनात्मकरूपमा खेलेर व्यापारीले मौकाको फाइदा लुट्न पछि पर्दैनन् । यसबारे उपभोक्ता बेलैमा सचेत बनौं ।

# असफल नेतृत्वको 'सिंगापुर' सपना



❑ दामोदर खनाल

"
नेपाल प्रशस्त प्राकृतिक साधन, स्रोत भएर पनि विकासमा निकै पछाडि परेको छ । यहाँको वनजंगल, जडीबुटी, हिमशृंखला, जलसम्पदा, लुम्बिनी नै यहाँका अपार सम्पत्ति हुन् । तर प्रजातन्त्रको पुनर्स्थापना भएको पनि झण्डै चार दशक पुग्न लाग्दा पनि राज्यको स्पष्ट नीति नियम नबन्नु, जनप्रतिनिधिमा विकास निर्माणप्रति दृढ संकल्प नहुनुले यहाँको विकास निर्माण कछुवाकै गतिमा छ । कतिपय राष्ट्रिय गौरवका आयोजनासमेत अलपत्र छन् । निर्माण सम्पन्न भएका भैरहवा र पोखराको अन्तर ाष्ट्रिय विमानस्थल, बुटवलको अन्तर्राष्ट्रिय सभा हल, आधुनिक बधशालालगायतका संरचनाहरु प्रयोगमा आउन सकेका छैनन् ।

नेपाल विकासका लागि प्रचुर सम्भावना र आधार भएको मुलुक हो । यहाँको प्राकृतिक सौन्दर्य, वनजंगल, हिमशृंखला, नदीनाला भौगोलिक विविधताले अन्य मुलुकलाई लोभ्याइरहेको छ । यद्यपि, हाम्रा नेतृत्व वर्गले यसको महत्त्व बुझेर अगाडि बढ्न सकेको देखिँदैन ।

बहुदल, गणतन्त्र, लोकतन्त्र आएपछि मात्र विकास सम्भव देखेका हाम्रा दलीय नेतृत्व वर्ग आन्दोलनमा पटक-पटक सफल देखिए तर विकासमा असफल सावित भएका छन् । हरेक आन्दोलनमा एकताबद्ध भएर अगाडि बढेरै विजयी हासिल गरे । तर गणतन्त्र स्थापना भइसकेपछि संविधान कार्यान्वयन र विकास निर्माणका लागि एक जुट भएको अनुभूति नेपाली जनताले गर्न पाएका छैनन् । दुईतिहाइको सरकार पनि हरेक सवालमा कमजोर सावित हुँदै गएको हामीलाई जगजाहेर नै छ । जसका कारण विकास निर्माणमा साँच्चै पछि परेको अनुभव नेपाली जनताले गरेका छन् ।

हरेक पार्टीभित्र आर्थिक लोभ लालच, चरम गुटबन्दी, शक्तिको चलखेल, पदको दुरूपयोग र भागबण्डातिरै उन्मुख भएको पाइन्छ । नेपालको सम्भावना र नेपालीको भावना नेतृत्व वर्गले बुझ्न सकेको देखिँदैन । राज्य चलाउनेहरूको स्पष्ट योजना, दूर दृष्टि, दृढ इच्छाशक्तिको कमीले दक्ष जनशक्ति विदेश पलायन भइरहेका छन् । यसैगरी निरन्तर नेपाली युवा विदेश पलायन भइरहने हो भने भोलि यसले ठूलो समस्या ल्याउन सक्छ । यसप्रति हाम्रा योजनाविद् र सरकार चलाउनेहरूको पटक्कै ध्यान जान सकेको छैन ।

पर्यटनको प्रचुर सम्भावना छ । उत्पादित वस्तुहरूका लागि राम्रो बजारको सम्भावना भएका विशाल छिमेकी मुलुकहरू चीन र भारत रहेका छन् । तर नेपालीले आफ्नो देशमा केही अवसर नपाएर विदेशी मुलुकमा नोकर बन्न पुगेर तिनै मुलुकलाई अगाडि बढाउने काम गरिरहेका छन् । साँच्चै नेपालको विकास गर्ने हो भने विकास निर्माण र रोजगारका लागि स्पष्ट नीति निर्माण गरेर युवा शक्तिलाई विदेसिनबाट रोक्नुपर्दछ । हामीले लुम्बिनीको माटोलाई प्रयोग गरेर एउटा कोसेली (उपहार) मात्र बनाएर बिक्री गर्नेतिर हिम्मत गर्ने हो भने पनि प्रशस्त आम्दानी गर्न सकिन्छ । तर विडम्बना विदेशी बौद्धमार्गीहरूले लुम्बिनीको महत्त्व बुझे पनि हामी नेपालीले नै विश्वप्रख्यात लुम्बिनीको महत्त्व बुझ्न सकेका छैनौं । एउटा लुम्बिनी विकास कोष राजनीतिक सिकार बनिरहँदा लुम्बिनी नै विकासमा पछि परेको छ । हामी भाषणमा विकास, एकता र समृद्धिका ठूला कुरा गर्दछौं तर व्यवहारमा पटक्कै कार्यान्वयन गर्दैनौं ।

यतिखेर नेपाली सबैमा एउटै चिन्ता छ, मुलुकले सही नेतृत्व पाएन । जसका कारण कहीं कतै सुशासन र राम्रो छ भनेर गर्व गर्ने ठाउँ देखिएन । जबसम्म अति राजनीतिकरणको स्वार्थ त्यागेर हामीले नेपालमै केही गर्नुपर्दछ भन्ने भावनामा गोलबन्द हुँदैनौ तबसम्म मुलुकको विकास हुन सक्दैन । अहिलेको जस्तो संसद् फगत मन्त्री, प्रधानमन्त्री, उत्पादन गर्ने थलो बनिरहन्छ । जनतामा वितृष्णा जागिरहन्छ । यथार्थमा जनतालाई सरकार बन्नु र ढल्नुको कुनै अनुभूति हुन सकेको छैन । नजिकिएको आमनिर्वाचनले पनि मुलुकको ठोस गति दिन सक्दैन । देश विकास र परिवर्तनका लागि संविधान संशोधन गरेर अगाडि बढ्न जरुरी छ । समानुपातिक र प्रत्यक्ष निर्वाचित सांसदको संख्या घटाउन आवश्यक छ । हाम्रोजस्तो सानो, अर्थतन्त्र जर्जर भएको मुलुकमा सात प्रदेश आवश्यक छैन । हुन त प्रदेशले औचित्य पुष्टि गर्न पनि नसकेको हामीलाई अनुभव भइसकेको छ तर नेतृत्व वर्गले यसबारे बहस नै गर्न सकेका छैनन् ।

नेपालको विकास भाषणमा त धेरै भयो तर हाम्रा नेता जिम्मेवार भएर त्याग देखाउन सकिरहेका देखिँदैन । कुरा सिंगापुर, मलेसिया स्विटजरल्याण्डमा भएको विकासको सपना बाँडेको देखिन्छ । यथार्थमा जनताले अनुभूति गर्ने युवापिढीले खोजेको विश्वपरिवेशको विकासको छनक देखिँदैन ।

यहाँ त ठेक्कापट्टादेखि हरेक काममा दलीय भागबण्डा र पदको दुरूपयोग गरी आफन्त र आसेपासेलाई मात्र फाइदा हुनेगरी काम गरेकोले चरम भ्रष्टाचार र बेथिति बढेको छ । सुशासन पटक्कै छैन । जसका कारण नै जेन-जी आन्दोलन हुन पुगेको धेरैले महसुस गरेका छन् । कतिपय नेता मन्त्री, सांसद, एनजिओ/आइएनजिओको खेतीपातीमा पनि रमिरहेका छन् । जसका कारण न त प्राप्त उपलब्धि संस्थागत हुन सकेको छ न त संविधान कार्यान्वयन नै ।

सपना सिंगापुरको !

नेपाल प्रशस्त प्राकृतिक साधन, स्रोत भएर पनि विकासमा निकै पछाडि परेको छ । यहाँको वनजंगल, जडीबुटी, हिमशृंखला, जलसम्पदा, लुम्बिनी नै यहाँका अपार सम्पत्ति हुन् । तर प्रजातन्त्रको पुनर्स्थापना भएको पनि झण्डै चार दशक पुग्न लाग्दा पनि राज्यको स्पष्ट नीति नियम नबन्नु, जनप्रतिनिधिमा विकास निर्माणप्रति दृढ संकल्प नहुनुले यहाँको विकास निर्माण कछुवाकै गतिमा छ । विकास निर्माणका कार्य लामो समयदेखि राजधानी काठमाडौंदेखि सातै प्रदेशका ठाउँ-ठाउँमा अलपत्र र अस्तव्यस्त छ । कतिपय राष्ट्रिय गौरवका आयोजनासमेत अलपत्र छन् । निर्माण सम्पन्न भएका भैरहवा र पोखराको अन्तर ाष्ट्रिय विमानस्थल, बुटवलको अन्तर्राष्ट्रिय सभा हल, आधुनिक बधशालालगायतका संरचनाहरू प्रयोगमा आउन सकेका छैनन् ।

तर पनि हाम्रा नेताहरूले बेलाबेलामा नेपाललाई सिंगापुर बनाउने भाषण गरिहन्छन् । केही वर्ष अगाडि एसियाका राष्ट्रहरूको मलेसियाको क्वालालम्पुरमा भएको किवानिज अस्पा ४३औं सम्मेलनमा सहभागी हुने क्रममा मलाई मलेसिया र सिंगापुर घुम्ने अवसर प्राप्त भएको थियो । त्यहाँको विकास निर्माण र सभ्यता देख्दा त्यो उजाड भूमिमा त्यस्तो विकास कसरी सम्भव भएको होला भनेर अचम्म नै लाग्यो । प्रायः त्यहाँ पुग्ने पर्यटकहरूले पनि यस्तै अनुभूति गरेको भान हुन्थ्यो । त्यहाँको सडक सञ्जाल, स्वच्छ वातावरण पर्यटकलाई आकर्षण गर्नका लागि बनाइएका संरचना, अनुशासन र नागरिकहरूको बानी व्यहोरा साँच्चै अनुकरणीय र उदाहरणीय नै छ । अहिले त समयको क्रमसँगै विकासले अझै गति लिएको छ । कसैले होटलमा बस्दा नियम उल्लंघन गर्छ कि भनेर होटलको रुमको रकमभन्दा केही अतिरिक्त रकम धरौटी राख्नुपरेको सिंगापुर बस्दाको अनुभव मलाई छ ।

जुन ठाउँ वास्तवमै नियम, कानुन र सिस्टममा हिंडेका कारणले विकासमा कायापलट भएको अनुभव गर्न सकिन्छ । विकास हाम्रो एजेण्डा भन्ने भनाइ त्यहाँका हरेक नागरिकमा झल्किन्छ । विकासका लागि कहिल्यै झगडा हुँदैन । व्यक्तिगत स्वार्थ, सत्ता राजनीतिबाट त्यहाँका जनता र प्रशासकहरू धेरै टाढा भएको अनुभव गर्न सकिन्छ ।

खासै अन्न, फलफूल उत्पादन नहुने सिंगापुरमा हरेक कुरा बाहिरबाट आयात हुने गर्छ । लगानीका लागि खुलारूपमा विदेशी मुलुकका उद्योगी व्यवसायीलाई अवसर दिनुले नै गएको ३०/४० वर्षयता त्यहाँको विकासमा कायालपलट भएको हो । त्यहाँ निर्माण भएका सिंगापुर मेरिलायन पार्क, मेरिना स्क्वायर महल, सन्तोषा, सिंगापुर फ्लायर, नाइट सफारी गार्डेन, युनिभर्सल स्टुडियो, सामुद्रिक यात्रा जस्तो व्यवस्था साँच्चै पर्यटकका लागि आकर्षणका कुराहरू हुन् ।

मलेसियाको राजधानी क्लालाम्पुरको पहाडी क्षेत्रमा रहेको जेन्टिन हाइल्याण्डमा रहेका संरचना हेर्नका लागिमात्र दैनिक ५०औं हजार पर्यटक पुग्ने गर्दछन् । त्यस्तै विश्वकै ठूलो विष्णु भगवान्को मूर्ति ( बटु केभ) पुत्राजया, ९०० मिटरसम्म उचाई रहेको केएलएलसिसी टावर, केएल टावर, विभिन्न पार्कहरू, सडक संरचना, सपिङ मल साँच्चै अचम्म लाग्दोगरी बनाइएको छ ।

दक्षिण पूर्वी एसियाको सानो देश सिंगापुरमा शिक्षा, स्वास्थ्य, पर्यटन, व्यापारमा राम्रो विकास भएको छ । त्यहाँ नियम, कानुनमा कुनै सम्झौता हुँदैन र विकासमा राजनीति पनि छैन भन्छन् त्यहाँका जनता । त्यहाँका आकर्षक संरचनाहरू सामुद्रिक जलयात्रा, टावर, अण्डरग्राउण्ड मार्केट, सपिङ कम्प्लेक्स, ट्रेन यातायातले पनि पर्यटकहरूलाई निकै आकर्षित गरेका पाइन्छन् । मलेसिया र सिंगापुर घुमेर हेर्दा नेपालमा यस्तो विकास सहजै पुरानै कार्यशैलीले कल्पना गर्न सकिन्न ।

पहिले उजाड मरुभूमि भनेर चिनिने, पूर्वाधारका कुनै संरचना नभएको भूमि सिंगापुर साँच्चै शून्यबाट सुरु भई हाल आएर विश्वभर नै उदाहरणीय पर्यटकीय गन्तव्यको रूपमा प्रख्यात बन्न पुगेको छ । नेपालको सन्दर्भमा हेर्दा हामीसँग सिंगापुरको जस्तै विकास गर्न अपार सम्भावनाहरू छन् । हामीसँग रहेका हिमालय, हरिया वनपाखा, झरना, खोलानाला, विविध सांस्कृतिक विशेषतायुक्त जातजाति आदि पर्यटन विकासको बलिया आधार हुन् । मात्र हाम्रा नीति निर्माणकर्ता नेतृत्वसँग इच्छाशक्तिको कमी र हरेक क्षेत्रमा राजनीतिको गलत अभ्यासले जरा गाड्नु नै नराम्रा पक्ष हुन् । नेताले देखेको सिंगापुररूपी नेपाल साँच्चै असम्भव भने होइन तर नेताहरूको कार्यशैली र आफूलाई मात्र फाइदा हुने काममा झुकाव देख्दा हामीलाई उनीहरूका भाषण मजाकजस्तो लाग्नु स्वाभाविक नै हो ।

देश संघीयतामा गएसँगै हरेक स्थानीय, प्रदेश र संघीय सरकार आफ्नो क्षेत्र अनुकूलका नीति नियम बनाउन अधिकार प्राप्त गरे पनि लामो समय त्यसै खेर फालेका छन् । सानो कामका लागि पनि संघीय सरकारमै धाउनुपर्ने अवस्था विद्यमान छ । यहाँका प्रशासक, राजनीतिक दलका नेता, सरकार चलाउनेहरूमा वास्तविक त्याग र प्रतिबद्धता देखिएन । त्यसैले नेताहरूले मुलुकलाई सिंगापुर, स्विटजरल्याण्ड बनाउने भाषण विगतका निर्वाचनमा गर्दै आए पनि कम्तीमा यो निर्वाचनमा त्यस्ता भाषण नगर्नु नै उत्तम हुने छ ।

## श्रम सरोकार

# वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

## पाठक मञ्च

# देशको चाबी कस्तो नेतालाई दिने, मतदान गर्नुअघि सोचौं

सामाजिक सञ्जालमाथिको प्रतिबन्ध र भ्रष्टाचारविरुद्ध भदौ २३ गते जेन-जी पुस्ताले आन्दोलन आह्वान गरे । त्यसको अघिल्लो दिन काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर बालेन्द्र (बालेन) शाह र नख्खु जेलमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले आन्दोलनमा समर्थन जनाए । बालेनले त २८ वर्षमुनिका सबैलाई आन्दोलनमा सहभागी हुन अपिल नै गरेका थिए ।

भदौ २३ गते बिहानैदेखि माइतीघर मण्डलमा विद्यार्थीहरू भेला हुन थाले । स्कुल वा कलेज पोसाकमै झोला बोकेर धेरैजसो विद्यार्थी आएका थिए । त्यो दिन नयाँ बानेश्वरस्थित संसद् भवनमा प्रतिनिधिसभा बैठक चलिरहेको छ । आन्दोलनकारीहरू माइतीघर हुँदै नयाँ बानेश्वरतर्फ लागे । र, संसद् भवन प्रवेश गर्न खोजे । उनीहरूलाई रोक्न प्रहरीले सक्दो प्रयास गऱ्यो ।

सुरुमा सम्झाइबुझाइ वा माइकिङ गरियो । तर, उनीहरू रोकिएनन् । त्यसपछि अश्रुग्यासदेखि लाठीसम्म प्रहार गरियो । तैपनि, आन्दोलनकारीहरू मानेनन् । उल्टै उनीहरूले संसद् भवन नै तोडफोड गर्न थाले । त्यसपछि प्रहरीले गोली चलाएको हो । कानुनमा स्पष्ट भनिएको छ, 'भीड नियन्त्रणबाहिर गएमा वा सार्वजनिक तथा निजी सम्पत्ति तोडफोड भएमा प्रहरीले स्वविवेक प्रयोग गरी घुँडामुनि गोली चलाउन पाउँछ ।'

यही अधिकारको प्रयोग गरेर प्रहरीले गोली चलायो । दुर्भाग्य, अत्यधिक भीडका कारण प्रहरीले चलाएका गोली घुँडामुनिभन्दा अन्य ठाउँमा लाग्न पुग्यो । त्यसक्रममा १९ जनाले ज्यान गुमाए । त्यतिबेला एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार थियो । गृहमन्त्री रमेश लेखक थिए । उनले सोही दिन राति राजीनामा दिए ।

पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीसमेत सडकमा आइन् । उनले कांग्रेस र एमालेलाई सरकारमा बस्ने कुनै अधिकार नभएको भन्दै लखेट्नुपर्ने बताइन् । उता, काठमाडौंका तत्कालीन मेयर शाहले १९ जनाको हत्यारा प्रधानमन्त्री केपी ओलीलाई ठहर गर्दै आन्दोलनका निम्ति झनै उकासे भने रविले आफ्ना सबै सांसदलाई राजीनामा दिन निर्देशन दिए ।

२४ गते बिहानैदेखि आन्दोलनकारीहरू उग्र भए । किनकि, उनीहरू बालेन र रविका समर्थक थिए । उनीहरूको एउटै माग थियो, तत्कालीन प्रधानमन्त्री ओलीको राजीनामा । नेपाली सेनाले ओलीलाई सहयोग गरेन । अनि बाध्य भएर ओलीले दिउँसो १२ बजे प्रधानमन्त्री पदबाट राजीनामा दिए । योसँगै आन्दोलनकारीहरूको माग पूरा भयो ।

तर, उनीहरू झनै उग्र भए । एकाएक सार्वजनिक र निजी सम्पत्तिमा आगो सल्काउन थालियो । यसैको फाइदा उठाएर रास्वपा नेता तथा समर्थकले नख्खु जेलमा रहेका रविलाई निकाले । तैपनि जेलरलाई कुटेर । उनी निस्किएसँगै सर्वोच्च अदालतसहित देशभरका न्यायालय छानीछानी जलाइयो । बालेनका समर्थकलेचाहिँ मुलुकको इतिहास सिंहदरबार जलाए । हजारौं सरकारी तथा सार्वजनिक भवन खरानी बनाइयो ।

व्यक्तिका निजी निवास पनि जलाइयो । त्यसक्रममा आगलागीमा परेर कतिपयले ज्यानै गुमाए । प्रहरीहरू पनि आन्दोलनकारीको निशानामा परे । तीन जना प्रहरीलाई त कुटीकुटी मारियो । देशभरका प्रहरी भवन, कार्यालयहरू जलाइयो । प्रहरीका बर्दी र हातहतियार लुटियो । त्यतिबेला आफ्नो ज्यान जोगाउनु नै प्रहरीका लागि चुनौती बन्यो । बस्ने स्थिति नभएपछि उनीहरू जंगलतिर लागे ।

प्रहरी जंगल पसेपछि देशको सुरक्षाको जिम्मा नेपाली सेनाको हातमा आयो । तर, सेना देश खरानी भएको हेरिरहयो । दिउँसैदेखि सिंहदरबारसहितका सम्पदा र संरचना बलिरहे । सेना ब्यारेकमा बसेर रमाइलो हेरिरहयो । मध्य राति सेना सडकमा निस्कियो । तब सबै खरानी भइसकेको थियो । खर्बौंको सरकारी तथा निजी सम्पत्ति खरानी बन्यो । अझ भन्नुपर्दा भदौ २४ गते मुलुककै इतिहासमा कालो दिन बन्यो ।

यदि सेना ओलीको राजीनामालगत्तै सडकमा आएको भए नेपालीको इतिहास सिंहदरबार जोगिन्थ्यो । अन्य सार्वजनिक तथा निजी सम्पत्ति पनि खरानी हुने थिएन । विडम्बना, सेना त रमिता हेरेर बसिरहयो । अनि सबै ध्वस्त भएपछि चाहिँ सडकमा निस्कियो । देश खरानी भएपछि फेसबुकमा बालेनको स्टाटस आयो- हाम्रो आन्दोलन सफल भयो, तपाईंहरू घर फर्किनुस् जेन-जी ।

सँगै संसद् विघटनको माग पनि अघि सारे । राष्ट्रपति रामचन्द्र पौडेल सैनिक नियन्त्रणमा थिए । प्रधानसेनापति अशोकराज सिग्देलले राष्ट्रपतिको ठाउँ लिँदै जेन-जीसँग वार्ता गरे । देश सरकार वा अभिभावकविहीन थियो । जेन-जीले बालेनलाई प्रधानमन्त्री बनाउनुपर्ने माग राखे । र, प्रधानसेनापति सिग्देल माने पनि । तर, बालेन मानेनन् । देश खरानी बन्नुञ्जेलसम्म उनी फेसबुकमा एकपछि अर्को स्टाटस लेखिरहेका थिए ।

पछिल्लो घटनाक्रमले भदौ २३ र २४ गतेको आन्दोलन जेन-जी पुस्ताको नभई बालेन र रविले गरेका थिए भन्ने छर्लंग छ । यदि त्यो आन्दोलन साँच्चिकै जेन-जीले गरेको भए उनीहरू किन चुनावमा होमिएनन् ? किन पार्टी दर्ता गरेनन् ? फागुन २१ गतेको चुनावमा जेन-जीहरूले किन उम्मेदवारी दिएनन् ? प्रस्ट छ कि भदौ २३ र २४ गतेको आन्दोलन बालेन, रवि, सुशीला, सुधनहरूको योजनामा भएको हो । फागुन २१ को निर्वाचनमा अब जनताले सोच्नुपर्छ, कसलाई मत दिने नदिने ।

- **रमेश खड्का**, बानेश्वर

# प्रभाव दैनिक

सोमबार, १९ माघ २०८२ (Monday, 02 February 2026)





### चलचित्र पत्रकार सिटौलाको निधन

चलचित्र पत्रकार संघका पूर्वअध्यक्ष दिनेश सिटौलाको निधन भएको छ । उनको धापासीस्थित ग्राण्डी अस्पतालमा आइतबार निधन भएको हो । अस्पतालले आइतबार पत्रकार सम्मेलन गरेर ४५ वर्षीय सिटौलाको निधन भएको जानकारी दिएको हो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाहसँगै अछाम गएका सिटौला बेहोस भएपछि उपचारका लागि शुक्रबार उक्त अस्पताल भर्ना भएका थिए । मृतक सिटौलाको आइतबार नै पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको छ ।



# लुम्बिनी प्रादेशिक ललितकला प्रदर्शनी सुरु

**काठमाडौं (प्रस)**– नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको आयोजना र नेपाल व्यावसायिक कलाकार संघ, रूपन्देही तथा कालिका मानवज्ञान माध्यमिक विद्यालयको सहआयोजनामा विद्यालयपरिसरमा 'लुम्बिनी प्रादेशिक ललितकला प्रदर्शनी' सुरु भएको छ ।

शनिबारदेखि सुरु भएको प्रदर्शनीको प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली र बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले संयुक्तरूपमा उद्घाटन गरे ।

प्रतिष्ठानका कुलपति हार्तम्छालीले राष्ट्र र समाजको भौतिक विकाससँगै संस्कृति, शान्ति स्थापना र सामाजिक विकासका लागि ललितकलाको विशेष महत्त्व रहेको बताए । उनले नेपालमा कलाको मर्मलाई जराबाटै उठाउनुपर्ने आवश्यकता औंल्याउँदै स्थानीय जनजीवनलाई बोध गराउने उद्देश्यले प्रादेशिक ललितकला प्रदर्शनी गरिएको जानकारी दिए ।




बुटवल उपमहानगरका प्रमुख पाण्डेयले बुटवललाई मुख्य व्यापारिक केन्द्र र सम्भावना भएको ऐतिहासिक क्षेत्रका रूपमा विकास गर्नुपर्नेमा जोड दिँदै कलाका माध्यमबाट कलाकारले ती विषयवस्तुलाई प्रस्तुत गर्नुपर्ने बताए । उनले यस्ता गतिविधि सञ्चालनका लागि पालिकाले आवश्यक सहयोग र समन्वय गर्ने प्रतिबद्धता जनाए ।

प्रतिष्ठानका मूर्तिकला विभाग प्रमुख एवं लुम्बिनी प्रदेश समन्वय समिति संयोजक दिनेश्वर महतोले प्रदेश तथा स्थानीय तहले आफ्नो क्षेत्रको ललितकलाको विकास तथा प्रवर्द्धनमा अग्रणी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । उनले प्रदर्शनीमा लुम्बिनी प्रदेशका कला, संस्कृति, पर्यटन प्रवर्द्धनसँगै जनजीवनका विविध पाटो समेटिएका कलाकृति रहेका जानकारी दिए ।

यसैगरी कार्यक्रममा प्रतिष्ठानका समसामयिक चित्रकला विभाग प्रमुख सञ्जय वान्तवा, प्राज्ञसभा सदस्य जुपिटर प्रधान, कालिका मानवज्ञान माध्यमिक विद्यालयका सहायक प्राचार्य पीताम्बर बञ्जाडे, कलाकार एचवी रम्तेललगायत वक्ताले आ-आफ्नो धारणा राखेका थिए ।

कार्यक्रममा स्वागत मन्तव्य नेपाल व्यावसायिक कलाकार संघ रूपन्देहीका अध्यक्ष दिलीप रसाली र सञ्चालन जंग पहाडीले गरेका थिए । प्रदर्शनीमा समसामयिक चित्रकला/मूर्तिकला, शिल्प तथा हस्तकला, वास्तुकला तथा लोककला, बहुआयामिक तथा अन्य सिर्जनात्मक कलासम्बन्धी ११५ कलाकारका १५० भन्दा बढी कलाकृति समावेश छन् । नेपाल पर्यटन बोर्ड प्रवर्द्धक रहेको कला प्रदर्शनी यही माघ २१ गतेसम्म सञ्चालन हुने छ ।



# साम्राज्ञीले जितिन् मिस तामाङको ताज

**काठमाडौं (प्रस)**– १८औं मिस तामाङको उपाधि साम्राज्ञी मोक्तानले जितेकी छन् । शनिबार भएको ग्राण्ड फिनालेमा १६ प्रतिस्पर्धीलाई पछाडि पार्दै मोक्तानले मिस तामाङको ताज पहिरिएकी हुन् ।

उनलाई १७औं मिस तामाङ अञ्जु थोकरले ताज पहिराइदिएकी थिइन् । बौद्धकी मोक्तानले ताजसँगै ५० हजार रूपैयाँ हात पारिन् । उनले मिस कन्फिडेन्ट, भ्युअर च्वइस टाइटलसमेत हात पारिन् । प्रतियोगितामा नुवाकोटकी सुस्मा लामा स्याङ्तान फस्ट रनरअप, सृष्टि थिङ तामाङ सेकेण्ड र ओसिन गोले तामाङ थर्ड रनरअप बनिन् ।

## रंगशाला

# महिला टी-२० विश्वकप छनोट प्रतियोगिता सम्पन्न, ट्रफी बंगलादेशलाई



■ प्रभाव संवाददाता

**कीर्तिपुर (काठमाडौं)**– आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोट प्रतियोगिता सम्पन्न भएको छ । आइतबार त्रिभुवन विश्वविद्यालय क्रिकेट रंगशालामा सुपर सिक्स चरणको अन्तिम खेलमा स्कटल्याण्डले संयुक्त राज्य अमेरिकालाई ४१ रनले पराजित गरेसँगै प्रतियोगिता सम्पन्न भएको हो ।

यससँगै आगामी वर्ष बेलायत र वेल्समा आयोजना हुने विश्वकप खेल्ने चार टोलीको टुंगो लागेको छ । चार टोलीमा बंगलादेश, आयरल्याण्ड, स्कटल्याण्ड र नेदरल्याण्ड रहेका छन् । आइतबार सुरुमा टस जितेर ब्याटिङ रोजेको स्कटल्याण्डले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १७८ रन बनाएको थियो । यसका लागि डारकेइ कार्टरले सर्वाधिक ५२ तथा अलिसा लिस्टरले ४३ रन बनाएकी थिइन् । जवाफी ब्याटिङमा उत्रिएको अमेरिकाले १९ ओभरमा सबै विकेट गुमाएर १३७ रनमात्रै बनाउन सक्यो ।

आइतबार नै त्रिवि क्रिकेट मैदानमा भएको खेलमा आयरल्याण्डले थाइल्याण्डमाथि ६२ रनको जित हासिल गर्दै छनोट प्रतियोगिता टुंग्यायो । टस जितेर ब्याटिङ रोजेको आयरल्याण्डले २० ओभरमा आठ विकेट गुमाउँदै १२१ रनको मध्यम योगफल बनाएको थियो । त्यसमा गाबी लेउसले २५ तथा एमी हन्टर र ओर्ला पेण्डरगस्टले २४/२४ रनको योगदान गरेका थिए ।

प्रतिओभर करिब छ को आवश्यक रन रेटसहित ब्याटिङमा उत्रिएको थाइल्याण्डले ६.१ ओभरमा सबै विकेट गुमाएर मात्र ५९ रन बटुल्न सक्यो । कप्तान नारुमोल चाइवाइले २२ रन र नान्नपत कोन्चारनले १५ बनाउनुबाहेक कुनै पनि थाइ ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् भने चार जना ब्याटर शून्यमा आउट भए । थाइल्याण्डलाई सस्तैमा समेटन आयरल्याण्डकी आर्लेन केलीले चार र लारा म्याक ब्राइडले तीन विकेट लिइन ।

छनोट प्रतियोगितामा नेपाली महिला क्रिकेट टोली भने समूह चरणका चार खेलमध्ये तीनमा हार र एकमा जितको नतिजा निकाल्दै समूह 'बी' का पाँच देशमध्ये चौथो स्थानमा रहयो ।

नेपालसहित १० देशका महिला टोली सहभागी प्रतियोगितामा त्रिवि क्रिकेट रंगशाला र मूलपानी क्रिकेट मैदानमा गरी २९ खेल भएका थिए । बंगलादेशकी कप्तान ज्योति सुल्ताना 'प्लेयर अफ दि टुर्नामेन्ट' घोषित भइन् भने प्रतियोगितामा स्कटल्याण्डकी ग्याबि लुइस उत्कृष्ट ब्याटर तथा अमेरिकी तारा नोरिश उत्कृष्ट बलर घोषित भइन् । प्रतियोगिताका चारवटै खेल जितेर १० अंक हासिल गरेको बंगलादेशले ट्रफी प्राप्त गरेको छ ।

## महिला भलिबल टोलीको बिदाइ



**काठमाडौं (प्रस)**– प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले माल्दिभ्समा हुने काभा भलिबल क्लब च्याम्पियनसिप, वुमन्स २०२६ मा सहभागी हुने नेपाल प्रहरीको महिला भलिबल टोलीलाई आइतबार बिदाइ गरेका छन् ।

माल्दिभ्समा यही माघ २१ देखि माघ २७ गतेसम्म उक्त प्रतियोगिता हुने भएको छ । प्रहरी प्रधान कार्यालयमा आइतबार आयोजित एक कार्यक्रमबीच प्रहरी महानिरीक्षक कार्कीले भलिबल टोलीलाई बिदाइ गरेका हुन् । उक्त टोलीमा १४ खेलाडी र चार अफिसियल रहेका छन् ।

नेपाल प्रहरी खेलकुद समितिका अध्यक्ष रहेका महानिरीक्षक कार्कीले महिला भलिबल टोलीले नेपाल प्रहरीको मात्र नभई सिंगो नेपाल र नेपालीको प्रतिनिधित्व गरेको उल्लेख गर्दै उक्त प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरी अन्तर्राष्ट्रियस्तरमा देश र संगठनको गौरव बढाउन टोलीलाई शुभकामना दिए । कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायब महानिरीक्षकहरू, प्रहरी वरिष्ठ अधिकृतहरूलगायतको उपस्थिति थियो ।

## 'आहा-रारा कप' को तयारी पूरा

**कास्की (प्रस)**– 'आहा-रारा कप' को तयारी पूरा भएको छ । आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा उक्त जानकारी दिइएको हो । प्रतियोगिता यही माघ २७ देखि फागुन ९ गतेसम्म पोखरा रंगशालामा सञ्चालन हुने छ । सहारा क्लबको आयोजनामा हुने उक्त प्रतियोगितामा विदेशका चार र स्वदेशी आठ गरी १२ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्ने छन् ।

प्रतियोगितामा नेपाल पुलिस क्लब, एपिएफ नेपाल क्लब, मच्छिन्द्र फुटबल क्लब, जावलाखेल युथ क्लब, चर्च ब्वाइज युनाइटेड, मनाङ मर्स्यादी क्लब, प्लानिङ ब्वाइज युनाइटेड, सहारा क्लब पोखरालगायत सहभागी हुने छन् ।

यसैगरी, भारतबाट थण्डरबोल्ट युनाइटेड (सिक्किम) सहित दुई समूह तथा उज्वेकिस्तानको आभा फुटबल क्लब र हङकङको गोर्खा इन्टरनेसनल फुटबल क्लब सहभागी हुने सहारा क्लबका अध्यक्ष केशवबहादुर थापाले जानकारी दिए । क्लबले पुरस्कार राशिमा वृद्धि गरेको उनले बताए । प्रतियोगिताको विजयी टोलीलाई १४ लाख एक हजार रूपैयाँ, उपविजेतालाई सात लाख एक हजार रूपैयाँ प्रदान गरिने छ ।


**CHHATRADEV RURAL MUNICIPALITY**
**OFFICE OF RURAL MUNICIPAL EXECUTIVE**
CHHATRAGUNJ, ARGHAKHANCHI

***Invitation For Sealed Quotations***

**Date of Second Publication: 2082/10/19 (02nd February, 2026)**

**Chhatradev Rural Municipality, Office of Rural Municipal Executive** invites electronics bids from eligible bidders under PPMO's e-GP system **www.bolpatra.gov.np/egp** for following works under Sealed Quotation. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**

**For Bid document Fee (NRs 1000)**
Name of the Bank: **Nabil Bank Ltd., Chhatragunj Branch**
Name of Office: **Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi**
Office Account no.: **21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)**
Rajaswa (revenue) Shirshak no: **14229**
**For Bid Security (As per Table)**
Name of the Bank: **Nabil Bank Ltd., Chhatragunj Branch**
Name of Office: **Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi**
Office Account no.: **21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))**

**Last Date of Bid Purchase and Submission: 17th February, 2026 (2082/11/05) 12:00 Hrs.**

| SN | Name of Project/Contract No. | Estimated Amount Excluding VAT (NRP) | Bid Security Amount (NPR) | Bid Validity/ Bid Security Validity (days) |
|---|---|---|---|---|
| 1 | Baspata Sajbot Kukhure Deurali Motorable Road Gravel Works Chhatradev 03, Arghakhanchi CRM/ARG/SQ/W/12/082/83 | 8,63,558.97 | 28,000/- | 45/75 days |
| 2 | Gaundanda Ghartidanda Motorable Road Gravel Works, Chhatradev 04 CRM/ARG/SQ/W/13/082/83 | 8,63,645.92 | 28,000/- | 45/75 days |
| 3 | Pokhrel Tole-Kami Tole Motorable Road Drain and Wall Construction, Chhatradev-05 CRM/ARG/SQ/W/14/082/83 | 8,63,202.38 | 28,000/- | 45/75 days |
| 4 | Tunichaur Shettari Water Supply Project Ward No 5 & 6CRM/ARG/SQ/W/17/082/83 | 15,53,928.64 | 50,000/- | 45/75 days |



**नलगाड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दल्ली, जाजरकोट**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशन मिति :२०८२/१०/१९**

यस नगरपालिकाको मिति २०८२/०९/०९ को राष्ट्रिय दैनिक मिशन टुडे पत्रिकामा प्रकाशित सूचना अनुसार रीतपूर्वक विद्युतीय माध्यमबट दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्र दाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं | कामको विवरण | कबोल गरेको रकम (मु.अ.क र PS सहित) | सारभूत रुपमा प्रभावकारी फर्मको नाम |
|---|---|---|---|---|
| 1 | NCB/NM/LISP/GOODS/01/2082-083 | Supply and Delivery of Construction Tools and Safety Items for Contract Packages Ragda Bheri Nadi Tathbandan Nirman and Bagarma Bheri Nadi Tathbandhan Nirman | NRs 2599000.00 | Panta Construction and Suppliers |
| 2 | NCB/NM/LISP/WORKS/01/2082-083 | Construction of Sangta Dekhi Chaulechaur Karuwa Samma Sadak Punaristhapana Tatha Marmat Nalgad 03, Jajarkot | NRs 1271866.55 | Nalgard Builders |
| 3 | NCB/NM/LISP/WORKS/02/2082-083 | Construction of Kalimati Khantakura Sadak Punaristhapana Tatha Marmat Nalgad 05, Jajarkot | NRs 3855519.28 | Up engineering consultancy and suppliers pvt.ltd. |

**प्रमुख प्रशासकीय अधिकृत**

# इरानद्वारा इयू सेनालाई आतंकवादी घोषणा

**दुबई–** इरानका सभामुख मोहम्मद बाघेर कालिबाफले आइतबार इस्लामिक गणतन्त्रले अब सबै युरोपेली संघ (इयू) का सेनालाई आतंकवादी समूह मानेको बताएका छन् । इयूले इरानको अर्धसैनिक क्रान्तिकारी गार्डलाई आतंकवादी समूह घोषणा गरेपछि यो प्रतिक्रिया आएको हो । इयूको घोषणा देशव्यापी विरोध प्रदर्शनमाथि भएको रक्तपातपूर्ण दमनको सन्दर्भमा गरिएको थियो ।

पूर्वगार्ड कमाण्डरसमेत रहेका संसद् अध्यक्ष मोहम्मद बाघेर कालिबाफले यो पदनाम व्यवहारिकभन्दा बढी प्रतीकात्मक हुने सम्भावना रहेको बताए । सन् २०१९ मा संयुक्त राज्य अमेरिकाले क्रान्तिकारी गार्डलाई आतंकवादी समूह घोषणा गरेपछि इरानले त्यही कानुन प्रयोग गर्दै अन्य राष्ट्रका सेनालाई पनि आतंकवादी सूचीमा राख्ने व्यवस्था गरेको स्मरण गराइएको छ ।

यो घोषणा मध्यपूर्वमा बढ्दो तनावको पृष्ठभूमिमा आएको हो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्ध सम्भावित सैन्य कारबाहीबारे विचार गरिरहेको सन्दर्भमा क्षेत्रीय अवस्था थप संवेदनशील बनेको छ । इरानले पर्सियन खाडीको रणनीतिक होर्मुज जलडमरूमध्यमा आइतबार र सोमबार प्रत्यक्ष फायर सैन्य अभ्यास गर्ने योजना बनाएको छ । यही जलडमरूमध्यबाट विश्वको करिब पाँचौं भाग तेल व्यापार आवागमन हुन्छ ।

संसद् बैठकमा कालिबाफ र अन्य सांसदहरू क्रान्तिकारी गार्डप्रतिको समर्थन जनाउँदै गार्डको बर्दीमा उपस्थित थिए । ब्यालेस्टिक मिसाइल कार्यक्रमको नियन्त्रणसमेत गर्ने र देशभित्र विशाल आर्थिक प्रभाव राख्ने क्रान्तिकारी गार्डले इरानका सर्वोच्च नेता अयातुल्ला अली खामेनीलाई मात्र जवाफ दिने गर्छ ।

'युरोपमा आतंकवाद फैलिन नदिने सबैभन्दा ठूलो बाधा बनेको गार्डमाथि आक्रमण गर्न खोज्दा युरोपेलीहरूले आफ्नै खुट्टामा गोली हानेका छन्,' कालिबाफले भनेका छन् । उनका अनुसार युरोपेली नेताहरूले फेरि एकपटक अमेरिकीहरूप्रति अन्धो आज्ञाकारिता देखाउँदै आफ्नै जनताको हितविरुद्ध निर्णय गरेका छन् ।

सत्रका क्रममा सांसदहरूले 'अमेरिका मुर्दावाद' र 'इजरायल मुर्दावाद' भन्ने नारा पनि लगाएका थिए । अमेरिकी राष्ट्रपति ट्रम्पले इरानविरुद्ध सैन्य कारबाहीका लागि दुईवटा सर्त अघि सारेको बताइएको छ । ती सर्तमा शान्तिपूर्ण प्रदर्शनकारीहरूको हत्या वा प्रदर्शनसँग सम्बन्धित व्यक्तिहरूलाई सामूहिक मृत्युदण्ड दिने अवस्था सिर्जना हुनु समावेश छन् । यसका साथै उनले इरानको आणविक कार्यक्रमबारे पनि बढ्दो चासो व्यक्त गरेका छन् । जुन कार्यक्रमका विषयमा इजरायलले इरानसँग १२ दिनको युद्ध सुरु गर्नुअघि अमेरिकाले तेहरानसँग विभिन्न चरणमा वार्ता गरेको थियो ।

युद्धका क्रममा अमेरिकाले इरानका तीनवटा आणविकस्थलमा बम आक्रमण गरेको थियो । तीमध्ये दुई स्थलमा इरानले उपग्रहको दृश्य अस्पष्ट पार्ने प्रयास गरिरहेको हुनसक्ने र बाँकी संरचना हटाउने काम भइरहेको आकलन गरिएको छ ।

शनिबार राति ट्रम्पले इरानबारे अन्तिम निर्णय गरिसकेको हो कि होइन भन्ने प्रश्नमा स्पष्ट जवाफ दिन अस्वीकार गरेका थिए । फ्लोरिडातर्फ जाँदै गर्दा पत्रकारहरूसँग कुरा गर्दै उनले अमेरिकी कारबाही रोकिएमा तेहरानलाई प्रोत्साहन मिल्छ कि भन्ने प्रश्नलाई टारे ।

इरानलाई कुनै पनि हालतमा आणविक हतियार प्राप्त गर्न नदिने उद्देश्यले 'सन्तोषजनक' सम्झौताका लागि वार्ता आवश्यक रहेको ट्रम्पको भनाइ छ । 'उनीहरू हामीसँग कुरा गरिरहेका छन् र हामी गम्भीरतापूर्वक छलफल गरिरहेका छौं,' उनले भने ।

यसैबीच, इरानका एक वरिष्ठ सुरक्षा अधिकारी अली लारिजानीले शनिबार राति सामाजिक सञ्जाल एक्समा वार्ताका लागि संरचनात्मक व्यवस्था अघि बढिरहेको उल्लेख गरेका छन् । तर सर्वोच्च नेता खामेनीले बारम्बार अस्वीकार गरिरहेको प्रत्यक्ष वार्ताबारे अहिलेसम्म कुनै सार्वजनिक संकेत देखिएको छैन । *रासस⁄एपी*

# चुनावको प्रतीक्षामा थलिएको बंगलादेशी अर्थतन्त्र

**ढाका–** सन् २०२४ को विद्रोहले वर्षौंदेखि चल्दै आएको स्वेच्छाचारी शासनको अन्त्य गरेपछि बंगलादेश राजनीतिक परिवर्तनको चरणमा छ । तर यस परिवर्तनसँगै देशले गहिरो आर्थिक संकट पनि भोगिरहेको छ । कपडा उद्योगमा काम गर्ने लाखौं मजदुरमध्ये सबिना खातुनजस्ता धेरैका लागि फेब्रुअरी १२ मा हुने चुनाव नै फेरि आशा जगाउने एकमात्र आधार बनेको छ ।

शेख हसिनाको सरकार पतन भएको करिब १८ महिनामा बंगलादेशले राजनीतिक अस्थिरतासँगै आर्थिक पीडा सहनुपरेको छ । नारायणगञ्जस्थित गार्मेन्ट कारखाना बन्द भएपछि बेरोजगार बनेकी ३० वर्षीया खातुनले काम खोज्दै दर्जनौं कारखानामा धाएको बताइन् । तर अहिले अधिकांश ठाउँमा रोजगारीका अवसर छैनन् । सरकारी तथ्यांकअनुसार अगस्ट २०२४ को विद्रोहपछि २४० वटा कारखाना बन्द भएका छन् । तीमध्ये धेरै कपडा उद्योगसँग सम्बन्धित छन् । यसले देशको कूल निर्यात आम्दानीको करिब ८० प्रतिशत हिस्सा ओगट्ने प्रमुख क्षेत्रलाई गम्भीर धक्का दिएको छ । केही कारखाना पूर्वसरकारसँग नजिक रहेका व्यवसायीको स्वामित्वमा थिए, जो विद्रोहपछि देश छाडेर भागेका छन् ।

कारखाना बन्द हुँदा ठूलो संख्यामा कामदार छाँटिएका छन् । ट्रेड युनियन नेताहरूका अनुसार गार्मेन्ट उद्योगमा निर्भर साना बजार, पसल र सहायक व्यवसायहरू पनि क्रमशः बन्द हुँदै गएका छन् । यसले बेरोजगारी र गरिबी थप बढाएको छ । अन्तरिम सरकारले अर्थतन्त्र विस्तारै सुधारतर्फ गएको दाबी गरे पनि विज्ञहरू चुनौती अझै गहिरो रहेको बताउँछन् । अन्तर्राष्ट्रिय मुद्रा कोषले यस वर्ष आर्थिक वृद्धि ४.७ प्रतिशत हुने अनुमान गरेको छ । तर बेरोजगारी दर ४.६३ प्रतिशत पुगेको छ । यो अघिल्लो वर्षको तुलनामा उच्च हो । निर्यात घट्दो क्रममा छ भने निजी क्षेत्रको लगानी कमजोर नै देखिन्छ ।

कतिपय बेरोजगार मजदुरहरू अहिले अस्थायी साना काम गरेर गुजारा चलाइरहेका छन् । उनीहरूका अनुसार बढ्दो महँगीले दैनिक जीवन झनै कठिन बनाएको छ । 'अर्थतन्त्र अघि बढेको जस्तो लाग्दैन, सबै कुरा अड्किएको छ,' एक पूर्वगार्मेन्ट कामदारले बताए । एक समय तीव्र आर्थिक वृद्धिका लागि अन्तर्राष्ट्रियरूपमा प्रशंसित हसिनाले अहिले गम्भीर आरोप र अदालती मुद्दा सामना गरिरहेकी छन् । *रासस⁄एएफपी*

# भारतको बजेटः पूर्वाधार र उत्पादनमा ठूलो लगानी

**नयाँदिल्ली–** प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले अस्थिर वित्तीय बजार र व्यापार अनिश्चितताका बाबजुद देशको आर्थिक वृद्धिलाई कायम राख्न केन्द्रित गर्दै आइतबार संसद्मा आफ्नो वार्षिक बजेट पेस गरेको छ ।

अर्थमन्त्री निर्मला सीतारमणले बजेट पेस गर्दै वित्तीय विवेकमा अडिग रहँदै पूर्वाधार र घरेलु उत्पादनमा लगानी बढाउने सरकारको योजना रहेको बताइन् । अप्रिलदेखि सुरु हुने आर्थिक वर्ष आर्थिक वर्ष २०२६-२७ को बजेट यस्तो समयमा आएको छ जतिबेला विश्वका ठूला अर्थतन्त्रहरूमा उच्च ब्याजदर, भूराजनीतिक तनाव र नयाँ संरक्षणवादी नीतिहरूका कारण व्यापार र पुँजीको प्रवाहमा असर परेको छ ।

वित्त मन्त्रालयको आर्थिक सर्वेक्षणअनुसार आगामी आर्थिक वर्षमा भारतको अर्थतन्त्र ६.८ देखि ७.२ प्रतिशतले बढ्ने अनुमान गरिएको छ । सरकारले वित्तीय सुदृढीकरण कायम राख्दै कूल गार्हस्थ उत्पादन (जिडिपी) घाटालाई ४.३ प्रतिशतमा सीमित राख्ने लक्ष्य राखेको छ, जुन चालु वर्षको ४.४ प्रतिशत घाटाभन्दा थोरै कम हो ।

सीतारमणले नयाँदिल्लीले विश्वव्यापी आपूर्ति शृंखलामा आफूलाई दृढ बनाउँदै घरमा लचिलोपन निर्माणमा ध्यान केन्द्रित गर्ने भन्दै कुनै लोकप्रिय उपहार प्रस्ताव नगरेको बताइन् । उनले भनिन्, 'भारतले समावेशीकरणसँग महत्त्वाकांक्षालाई सन्तुलनमा राख्दै विकसित भारतको दिशामा कदम चाल्ने छ ।' मुख्यतया निर्माण क्षेत्रमा संरचनात्मक सुधारमा ध्यान दिइने छ र बायोफर्मा तथा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) जस्ता उद्योगमा लगानी बढाइने छ ।

आगामी आर्थिक वर्षका लागि सरकारले पुँजीगत खर्च मुख्यतया पूर्वाधारमा १२२ खर्ब भारतीय रूपैयाँ (एक खर्ब ३३ अर्ब डलर) पुऱ्याउने लक्ष्य राखेको छ । यो जुन गत वर्ष ११२ खर्ब रूपैयाँ थियो । सरकारले उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्न बायोफर्मा, सेमिकण्डक्टर, इलेक्ट्रोनिक्स कम्पोनेन्ट र दुर्लभ अर्थ म्याग्नेटसहित सातवटा रणनीतिक क्षेत्रमा लगानी बढाउने योजना बनाएको छ । आयातमा निर्भरता कम गर्न तीनवटा रासायनिक उत्पादन पार्क स्थापना गरिने छ ।

बजेटले अतिरिक्त ऋण सहायता र सूक्ष्म, साना तथा मध्यम उद्यमहरूको वृद्धि कोषको घोषणा पनि गरेको छ । वित्तीय बजारलाई गहिरो बनाउन कर्पोरेट बण्ड बजार बलियो बनाउने र विदेशी लगानीकर्ताका लागि नियमहरू सजिलो बनाउने उपायहरू प्रस्तुत गरिएका छन् । सीतारमणले सात उच्चगतिको रेल कोरिडोर निर्माण गर्ने र आगामी पाँच वर्षमा २० नयाँ जलमार्ग सञ्चालन गर्ने योजना रहेको जानकारी दिइन् ।खानी, प्रशोधन, अनुसन्धान र उत्पादन प्रवर्द्धन गर्न दुर्लभ पृथ्वी खनिज तत्वहरूका लागि समर्पित फ्रेट कोरिडोर पनि स्थापना गरिने छ । *रासस⁄एपी*

# समयसँगै बदलिँदै अमर चित्र कथा

**बेंगलुरु–** भारतको चर्चित हास्य पुस्तक शृंखला 'अमर चित्र कथा' सन् १९६७ मा सुरु हुँदा यसको उद्देश्य सरल थियो । बालबालिकालाई हिन्दू देवताहरू, पौराणिक कथा र भारतीय इतिहासको विशाल संसारसँग परिचित गराउनु । करिब छ दशक बितिसक्दा पनि, स्मार्टफोन र स्ट्रिमिङ टेलिभिजनले प्रभुत्व जमाएको युगमासमेत अमर चित्र कथाले आफ्नो स्थान कायम राख्न सफल भएको छ ।

एसिके नामले परिचित अमर चित्र कथाको स्थापना कथाकार अनन्त पाईले गरेका थिए । एक क्विज कार्यक्रममा बालबालिकालाई आफ्नै पौराणिक पात्रभन्दा ग्रिक देवताहरूको जानकारी बढी भएको देखेपछि उनले यो शृंखला सुरु गरेका थिए । चाँडै नै यसले सांस्कृतिक पहिचानको रूप लियो ।

हिन्दू देवताका कथादेखि स्वतन्त्रता सेनानीहरूको जीवनीसम्म समेटिएका यसका शीर्षकहरू लाखौं प्रति बिक्री भए र विभिन्न क्षेत्रीय भाषामा अनुवाद गरिए । तर यो यात्रामा चुनौती पनि कम आएनन् । भारतमा कार्टुन नेटवर्कको आगमन र महाभारतको लोकप्रिय टेलिभिजन रूपान्तरणले एक समय बिक्री घटायो । गत वर्ष मुम्बईस्थित गोदाममा लागेको आगलागीले कम्पनीका बहुमूल्य अभिलेखको केही अंश नष्ट गऱ्यो । यति हुँदाहुँदै पनि प्रकाशन निरन्तर अघि बढिरहेको छ । यसको श्रेय केवल बालपाठकलाई मात्र होइन, बाल्यकालमै अमर चित्र कथा पढेर हुर्केका वयस्क पाठकलाई पनि जान्छ ।

कार्यकारी सम्पादक रीना आई पुरीका अनुसार अमर चित्र कथाका सबैभन्दा धेरै पाठक २५ देखि ४५ वर्ष उमेर समूहका छन् । 'यिनै पाठकहरू अमर चित्र कथा पढेर हुर्किएका हुन् र अहिले आफ्ना बालबालिकालाई पनि पढ्न दिन्छन्,' उनले भनिन् ।

पाठकहरूमा बालबालिकाको आकर्षण पनि उस्तै छ । १३ वर्षीया आरव वेधनयगमले भारतीय वायु सेनाका पाइलटसम्बन्धी कथा आफूलाई मनपर्ने बताइन् । 'कथालाई चित्रसँग जोडेर प्रस्तुत गर्ने शैली मनपर्छ,' उनले भनिन्, 'सानो बच्चादेखि हजुरबुबासम्म सबैका लागि उपयुक्त छ ।' समयसँगै चित्र र प्रस्तुति शैलीमा पनि परिवर्तन आएको छ । पहिलेका राम र शिवका चित्रहरूभन्दा अहिलेका पात्रहरू शारीरिक रूपमा सबल देखिन्छन् । पुरीका अनुसार आजका बालबालिका पुरानो चित्रशैलीमा अभ्यस्त छैनन्, त्यसैले परिवर्तन आवश्यक भयो । कथावस्तुमा पनि लैंगिक भूमिकाको चित्रण बदलिएको छ । पहिले महिला घरायसी काममामात्र देखाइन्थ्यो भने अहिले पढ्दै, निर्णय गर्दै र सक्रिय भूमिकामा प्रस्तुत गरिन्छ ।

कोभिड-१९ महामारीले अमर चित्र कथालाई डिजिटलतर्फ अघि बढ्न प्रेरित गऱ्यो । एप निःशुल्क उपलब्ध गराउँदा पाठक संख्या बढ्यो र अहिले डिजिटल संस्करणबाट हुने आम्दानी प्रिन्टबराबर पुगेको छ । तर कृत्रिम बौद्धिकता (एआई) को प्रयोगमा भने प्रकाशकहरू सावधान छन् । 'कलाकार र लेखकको श्रमको सम्मान हुनुपर्छ,' पुरीको भनाइ छ । युवा कमिक डिजाइनरहरू पनि मानव निर्मित प्रक्रियाले सामग्री बालबालिकाका लागि सुरक्षित हुने विश्वास व्यक्त गर्छन् । आगामी दिनप्रति प्रकाशकहरू आशावादी छन् । संस्थापकको दर्शनअनुसार भारतका बालबालिकालाई भारतकै कथा सुनाउने उद्देश्य कहिल्यै अप्रासंगिक नहुने उनीहरूको विश्वास छ । *रासस⁄एएफपी*

**स्थानीय सरकार**

## अपिहिमाल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**खण्डेश्वरी, दार्चुला**

**सुदुरपश्चिम प्रदेश नेपाल**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८२/१०/१९**

अपिहिमाल गाउँपालिका, दार्चुलाको चालु आ.ब. ०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार यस कार्यालयबाट तपशिलका कार्य गर्नको लागि मिति २०८२/०७/२७ गते प्रथम पटक प्रकाशित विधुतीय बोलपत्र आव्हानको सूचना अनुसार उक्त कार्यको लागि पेश भएका प्राविधिक र आर्थिक प्रस्ताव मध्ये यस कार्यालयको निर्णयानुसार तपसिल बमोजिमको बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम ५ बमोजिम निम्नानुसारको मिति, समय र स्थानमा निजहरूको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आर्थिक प्रस्ताव खोल्ने मितिः २०८२/१०/२६ गते, सोमबार, समयः १२ः०० बजे,**

**स्थानः अपिहिमाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, खण्डेश्वरी, दार्चुला, नेपाल**

| सि. नं. | योजनाको नाम र ठेक्का नं. | प्राविधिक प्रस्ताव मूल्यांकनमा सारभूत रुपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरूको नामावली |
|---|---|---|
| १ | High Altitude Adventure Tourism Stadium Construction Project, AHRM/NCB/W/04/2082-83 | 1. Nagarjun-Malikarjun-Dynamite JV, Mahakali Municipality-5, Darchula<br>2. Aabaran Metal Engineering Construction Pvt. Ltd, Bharatpur-9, Saradpur Chitwan Nepal<br>3. Sunkoshi/Kriyanshankar J.V., Lalitpur |

**कार्यालय प्रमुख**

**कतारमा रोजगार** कम्पनी : THREE HUNDRED SIXTY FM FOR FACILITY

पूर्व स्वीकृति मिति : २०८२/१०/१७ LT. No. 338091 चलानी नं. ६०२५१५८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A.C.Mechanic | 5 | 0 | 1500 | ६१,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner (Out Door) | 13 | 3 | 1000 | ४०,६६७ | | | | | | | |
| 3 | Cleaner General | 8 | 8 | 1000 | ४०,६६७ | | | | | | | |
| 4 | Electrician. | 5 | 0 | 1500 | ६१,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २६ गते (9th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

**साउदीमा रोजगार** कम्पनी : NAHDI TRANSPORT LOGISTICS SOLUTIONS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ LT. No. 338068 चलानी नं. ६०२५१५७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver- (Truck Driver) | 20 | 0 | 1800 | ७१,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २६ गते (9th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.१५००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SYNNET INTERNATIONAL PVT.LTD.**
Synnet International Pvt. Ltd. Licence No.: 206/057/058
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company | Certified No. 70902

**कतारमा रोजगार** कम्पनी : DARWISH INTERSERVE FACILITY MANAGEMENT

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ LT. No. 338026 चलानी नं. ६०२५१५३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 70 | 0 | 1000 | ४०,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners (Ladies) | 0 | 30 | 1000 | ४०,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २६ गते (9th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ABC PLACEMENTS PVT. LTD**
LIC 537/061/62
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com

**कतारमा रोजगार** कम्पनी : NEW ALAHAD FACILITTY MANAGEMENT AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/१०/१७ LT. No. 338093 चलानी नं. ६०२५१५७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Carpenter | 2 | 0 | 1400 | ५६,९३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ASSISTANT ELECTRICIAN | 1 | 0 | 1400 | ५६,९३३ | | | | | | | |
| 3 | Asst Plumber | 3 | 0 | 1400 | ५६,९३३ | | | | | | | |
| 4 | BRICK MASON / MASON | 1 | 0 | 1100 | ४४,७३३ | | | | | | | |
| 5 | Building Painter | 2 | 0 | 1200 | ४८,८०० | | | | | | | |
| 6 | Carpenter | 1 | 0 | 1100 | ४४,७३३ | | | | | | | |
| 7 | CLEANER (HOTEL) | 0 | 1 | 1000 | ४०,६६७ | | | | | | | |
| 8 | Cleaners (Hotel) | 0 | 3 | 1000 | ४०,६६७ | | | | | | | |
| 9 | Labour | 6 | 0 | 1200 | ४८,८०० | | | | | | | |
| 10 | Labourer | 2 | 0 | 1200 | ४८,८०० | | | | | | | |
| 11 | Mason. | 2 | 0 | 1100 | ४४,७३३ | | | | | | | |
| 12 | OFFICE CLEANERS (FEMALE ) | 0 | 2 | 1000 | ४०,६६७ | | | | | | | |
| 13 | OFFICE WORKER | 2 | 0 | 1100 | ४४,७३३ | | | | | | | |
| 14 | Plumber | 2 | 0 | 1100 | ४४,७३३ | | | | | | | |
| 15 | Stone Mason | 2 | 0 | 1200 | ४८,८०० | | | | | | | |
| 16 | Stone Mason Assistant | 6 | 0 | 1200 | ४८,८०० | | | | | | | |
| 17 | Supervisor | 2 | 0 | 2500 | १०१,६६७ | | | | | | | |
| 18 | Waiter | 0 | 1 | 1400 | ५६,९३३ | | | | | | | |
| 19 | Waiter | 0 | 3 | 1400 | ५६,९३३ | | | | | | | |
| 20 | WAITER / WAITRESS | 0 | 1 | 1400 | ५६,९३३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २६ गते (9th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KALIKA HUMAN RESOURCE PVT LTD**
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

**साउदीमा रोजगार** कम्पनी : RESTAURANT AN-NAZZAM AL-GHADHAI FOR MEALS

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ LT. No. 338037 चलानी नं. ६०२५१५७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 5 | 0 | 1000 | ३९,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MOHAMMED ALI BIN MAHBUB ALAZIZ Company

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ LT. No. 338036 चलानी नं. ६०२५१५७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३९,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL-ISNAD OPERATION AND MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ LT. No. 337948 चलानी नं. ६०२५१५६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Utensils Cleaner | 20 | 0 | 1000 | ३९,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ABDAL HUMAN RESOURCE COMPANY a closed joint stock company

पूर्व स्वीकृति मिति : २०८२/०७/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१८ LT. No. 332853 चलानी नं. ६०२४६६०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 4 | 0 | 1000 | ३९,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २६ गते (9th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – ३००००० | प्रति तोला – ० | प्रति तोला – ५५००



**ईंटा बनाउँदै मजदुर** | दाङको घोराही उपमहानगरपालिका-१६ बाहुनडाँडास्थित जलजला ईंटा उद्योगमा ईंटा बनाउँदै मजदुर। *तस्बिरः रासस*

# वित्तीय समावेशीकरण सूचकांकमा सुधार

■ आर्थिक वर्ष २०२४/२५ मा समग्र वित्तीय समावेशीकरण सूचकांक ०.४७ बाट बढेर ०.५३ पुग्यो

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपालमा वित्तीय सेवामा पहुँच, प्रयोग र गुणस्तरमा उल्लेखनीय सुधार देखिएको छ। नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको वित्तीय समावेशीकरण सूचकांकअनुसार आर्थिक वर्ष २०२४/२५ मा समग्र वित्तीय समावेशीकरण सूचकांक ०.४७ बाट बढेर ०.५३ पुगेको छ।

नेपाल राष्ट्र बैंकको वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाद्वारा प्रकाशित प्रतिवेदनले यो सूचकांकमा उल्लेख्य सुधार भएको देखाएको हो। 'वित्तीय सेवामा पहुँच विस्तार, डिजिटल माध्यमको प्रयोग तथा सेवा गुणस्तरमा सुधारका कारण वित्तीय समावेशीकरण सूचकांकमा स्थिर र व्यापक प्रगति भएको छ,' राष्ट्र बैंकले भनेको छ।

रिपोर्टअनुसार मानव विकास सूचकांक जस्तै विधिबाट गणना गरिएको 'उक्त सूचकांक ० देखि १ को मापनमा आधारित छ, जहाँ उच्च अंकले उच्च वित्तीय समावेशीकरण जनाउँछ। त्यस्तै सूचकांकका तीन आयामका रूपमा पहुँच, प्रयोग र गुणस्तरअन्तर्गत विभिन्न ५५ सूचकका आधारमा तयार गरिएको हो।

प्रतिवेदनमा पहुँच सूचकांक ०.५३ पुगेको उल्लेख छ, जसले देशभर वित्तीय संस्था, सेवा केन्द्र तथा डिजिटल वित्तीय सेवा माध्यमको विस्तार भएको देखाउँछ। त्यस्तै प्रयोग सूचकांक ०.५४ रहेको छ। यसले बैंकिङ, डिजिटल भुक्तानी, बिमा तथा अन्य वित्तीय सेवामा व्यक्ति र घरपरिवारको संलग्नता बढेको संकेत गर्छ। त्यसैगरी, गुणस्तर सूचकांक ०.५० मा पुगेको छ।

'वित्तीय साक्षरतामा वृद्धि, उपभोक्ता संरक्षण संयन्त्रको सुदृढीकरण, पारदर्शिताको अभिवृद्धि तथा ग्राहक अनुभवमा सुधारका कारण गुणस्तर सूचकांकमा उल्लेखनीय प्रगति भएको हो,' केन्द्रीय बैंकको रिपोर्टमा भनिएको छ।

नेपाल राष्ट्र बैंकले नीतिगत पहल, डिजिटल वित्तीय नवप्रवर्तन तथा नियामक सुधारले सकारात्मक प्रभाव परेको उल्लेख गर्दै आगामी दिनमा डिजिटल पूर्वाधार सुदृढीकरण, वित्तीय साक्षरताको प्रवर्द्धन तथा उपभोक्ता केन्द्रित वित्तीय सेवामा निरन्तर जोड दिन आवश्यक रहेको जनाएको छ।

# कोइलावास भन्सारबाट लक्ष्यअनुसार राजस्व संकलन भएन

**घोराही (दाङ)–** कोइलावास भन्सार कार्यालयले चालु आर्थिक वर्षको छ महिनामा लक्ष्यअनुसार राजस्व संकलन गर्न असफल भएको छ। आव २०८२/८३ को छ महिनामा लक्ष्यअनुसार राजस्व संकलन गर्न असफल भएको हो।

दाङको एकमात्र भन्सार नाका कोइलावास भन्सारले लक्ष्यभन्दा आठ लाख ७३ हजार रूपैयाँ कम राजस्व संकलन गरेको छ। भन्सार कार्यालयले छ महिनासम्म ८४ लाख ९७ हजार रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको थियो। पुस मसान्तसम्म ७६ लाख २३ हजार रूपैयाँ संकलन भएको कोइलावास भन्सार प्रमुख लोकबहादुर विष्टले जानकारी दिए। जुन लक्ष्यको ८९.७२३ प्रतिशत हो।

कार्यालयले साउनमा १३ लाख ५८ लाख रूपैयाँ राजस्व उठाउने लक्ष्य लिएकामा नौ लाख ९० हजार रूपैयाँ संकलन गरेको छ। यसैगरी भदौमा १४ लाख रूपैयाँ संकलन गर्ने लक्ष्य लिएकामा छ लाख ६८ हजार रूपैयाँ राजस्व संकलन भएको छ।

असोजमा १४ लाख १७ हजार रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएकामा आठ लाख चार हजार रूपैयाँ संकलन भएको छ। त्यसैगरी, कात्तिकमा १५ लाख एक हजार रूपैयाँ संकलन गर्ने लक्ष्य लिएकामा नौ लाख ६३ हजार रूपैयाँ संकलन भएको छ।

मंसिर महिनामा १३ लाख ८३ हजार रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएकामा आठ लाख ८६ हजार रूपैयाँ संकलन भएको छ। पुसमा १३ लाख ४० हजार रूपैयाँ संकलन गर्ने लक्ष्य लिएकामा ३३ लाख नौ हजार रूपैयाँ संकलन भएको छ। पुसमा भारतीय पर्यटकको नेपाल आगमन बढी भएकाले राजस्व संकलनमा वृद्धि भएको भन्सार कार्यालयले जनाएको छ।

दाङ, रोल्पा, प्युठानका लागि पैठारी हुने व्यापारिक सामान कोइलावास नाकाबाट भित्रिएको देखिँदैन। व्यापारीका लागि सबैभन्दा छोटो नाका परे पनि आकर्षण देखिएको छैन। सहज सडक सञ्जाल भए पनि यसलाई सञ्चालनका लागि सरकारी निकायबाट प्रभावकारी प्रयास भएको पाइँदैन। निजी क्षेत्रले केही प्रयास थाले पनि यसले सार्थकता पाउन सकेको छैन। हरेक निर्वाचनको समयमा भने कोइलावास भन्सारले चर्चा पाउने गरेको छ। अहिले पनि उम्मेदवारहरूले कोइलावास भन्सारको विषयलाई उठाउन थालेका छन्। कोइलावास नाकालाई सञ्चालन गरी दाङको विकासमा टेवा पुऱ्याउने भन्दै आश्वासन दिन थालेका हुन्। *रासस*

# कोरियन प्रविधिमा 'ओरा' ब्राण्डका कस्मेटिक उत्पादन सुरु

■ प्रभाव संवाददाता




**काठमाडौं–** ओरा कस्मेटिक्सले कोरियन प्रविधिमार्फत कस्मेटिक सामानहरू उत्पादन सुरु गरेको छ। आइतबार एक कार्यक्रमबीच नेपालका लागि कोरियाका राजदूत पार्क ताइयोङले ओरा कस्मेटिक्सको उद्घाटन गरेका हुन्। उनले कोरियन कच्चापदार्थ र कोरियन प्रविधिको प्रयोगबाट नेपालमै उत्पादन गरिएको कोरियन कस्मेटिक ब्राण्ड 'ओरा' सार्वजनिक गरे।

राजदूत पार्कले कोरियन कस्मेटिक उत्पादनले नेपाली बजारमा नयाँ सम्भावना बोकेको बताए। उनले कोरियन कस्मेटिक नेपालमा सफल रूपमा स्थापित हुने विश्वास व्यक्त गरे। उनले दुई देशबीच व्यापार, प्रविधि र श्रम क्षेत्रका साथै उत्पादनमूलक सहकार्यको ठूलो सम्भावना रहेको उल्लेख गर्दै यस्ता पहलले कोरिया-नेपाल द्विपक्षीय सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने धारणा व्यक्त गरे।

कार्यक्रममा एनके कस्मेटिकका अध्यक्ष विनोद कुँवरले 'नेपालमै केही गरौं' भन्ने उद्देश्यका साथ ओरा प्रोडक्ट नेपालमा भित्र्याइएको बताए। व्यापारमात्र नभई रोजगारी सिर्जना गर्ने लक्ष्यसहित यो पहल गरिएको उनको भनाइ थियो। नेपाली बजारको आवश्यकता, उपभोक्ताको छाला र मौसमअनुकूल उत्पादन विकासमा विशेष ध्यान दिइएको अध्यक्ष कुँवरले स्पष्ट पारे।

गैरआवासीय नेपाली संघ (एनआरएन)का अध्यक्ष बद्री केसीले नेपाल र कोरियाबीचको दुई पक्षीय सहकार्यले देशलाई आर्थिकरूपमा सबल बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने बताए। एनआरएनका पूर्वअध्यक्ष कुल आचार्यले विदेशमा रहेका नेपाली नेपालमै प्रविधि र लगानी भित्र्याउन इच्छुक रहेको उल्लेख गर्दै सरकारी प्रक्रिया अझ सहज र लगानीमैत्री हुनुपर्ने आवश्यकता औंल्याए।

नेपाली जीवनशैली र वातावरणलाई ध्यानमा राखी तयार पारिएको ओरा कोरियन कस्मेटिकले नेपालमा उत्पादन, रोजगारी र प्रविधि हस्तान्तरणमा सकारात्मक योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

बिनोद कुँवरको नेतृत्वमा ओरा परियोजनामा हालसम्म करिब १५ करोड रूपैयाँबराबरको लगानी भइसकेको जनाइएको छ। दोस्रो चरणमा थप १० करोड रूपैयाँ लगानी गर्ने योजना सार्वजनिक गरिएको छ। प्रारम्भिक चरणमै अत्याधुनिक मेसिनरी तथा उत्पादन उपकरणहरू व्यवस्थापन भइसकेको र व्यावसायिक उत्पादन छिट्टै सुरु गर्ने तयारीमा रहेको कम्पनीले जनाएको छ।

# एक महिनामा भित्रिए ९२ हजार पर्यटक

**काठमाडौं (प्रस)–** सन् २०२६ को पहिलो महिना जनवरीमा ९२ हजार ५७३ पर्यटक नेपाल भित्रिएका छन्। नेपाल पर्यटन बोर्डले दिएको जानकारीअनुसार गत वर्षको जनवरीको तुलनामा १५.७ प्रतिशत बढी पर्यटक नेपाल भित्रिएका हुन्।

जनवरीमा नेपाल आउने पर्यटकमध्ये सबैभन्दा बढी भारतीय रहेका छन्। जनवरीमा भारतबाट २६ हजार ६२४ पर्यटक नेपाल आएका थिए। यस्तै, चीनबाट नौ हजार १०१, संयुक्त राज्य अमेरिकाबाट आठ हजार ४०६, बंगलादेशबाट पाँच हजार ८१४ तथा अस्ट्रेलियाबाट चार हजार ९५७ पर्यटक नेपाल भित्रिएका थिए।

दक्षिण एसियाली मुलुक (सार्क) बाट ३९.३ प्रतिशत पर्यटक नेपाल आएका थिए। अन्य एसियाली देशबाट २६.१ प्रतिशत, युरोपबाट १२.३ प्रतिशत, अमेरिकाबाट १०.८ प्रतिशत र ओसियानियाबाट ५.७ प्रतिशत पर्यटक नेपाल आएका थिए। मध्यपूर्वबाट एक प्रतिशत र अफ्रिकाबाट ०.४ प्रतिशत पर्यटक नेपाल आएका थिए।

# आर्थिक विषयलाई प्राथमिकता दिनुपर्नेमा जोड



**काठमाडौं (प्रस)–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले राजनीतिक दलका घोषणापत्रमा आर्थिक विषयले प्राथमिकता पाउन नसकेको बताएका छन्।

नेपाल आर्थिक पत्रकार संघले आइतबार यहाँ आयोजना गरेको 'दलका घोषणापत्रमा आर्थिक एजेण्डा'सम्बन्धी कार्यक्रममा अध्यक्ष ढकालले राजनीतिक दलहरू आफ्नो एजेण्डाभन्दा पनि अन्य दललाई गाली गरेर स्थापित हुन खोज्ने प्रवृत्ति मौलाएकामा चिन्ता व्यक्त गरे।

कुनै पनि दलका घोषणापत्रमा अहिलेसम्म निजी क्षेत्र र आर्थिक विषय प्राथमिकतामा नपरेका अध्यक्ष ढकालले बताएको नेपाल उद्योग वाणिज्य महासंघले जनाएको छ। 'दल आफ्ना एजेण्डामार्फत जनतामाझ जानुपर्नेमा निजी क्षेत्र, आर्थिक विषयलगायत विषयले प्राथमिकता पाउन सकेका छैनन्,' उनले भने।

निजी क्षेत्रले राज्यमा पुऱ्याएका योगदानको चर्चा राजनीतिक नेतृत्व र दलबाट हुन नसकेका अध्यक्ष ढकालले चिन्ता व्यक्त गरे। निजी क्षेत्रलाई राज्यले प्रोत्साहन, संरक्षण नगर्ने हो भने अर्थतन्त्र चलायमान हुन नसक्ने उनले धारणा राखे।

# नेप्से परिसूचक १९ अंकले घट्यो

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ। यस दिन नेप्से परिसूचक १९.८५ अंकले घटेर दुई हजार ६९४.२० को बिन्दुमा कायम भएको हो।

आइतबार ३२९ कम्पनीको दुई करोड २० लाख ६० हजार ४५४ कित्ता सेयर एक लाख १० हजार ७२८ पटक खरिदबिक्री हुँदा नौ अर्ब १० करोड ९४ लाख ५७ हजार रूपैयाँको कारोबार भएको नेप्सेले जनाएको छ। आइतबार व्यापार समूह ०.५५ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ।

बैंकिङ ०.४२, विकास बैंक ०.७५, वित्त ०.४४, होटल तथा पर्यटन १.७५, जलविद्युत् १.३६ र लगानी समूह ०.९६ प्रतिशतले घटेको छ। त्यस्तै, जीवन बिमा ०.५२, उत्पादन तथा प्रशोधन ०.७६, लघुवित्त ०.५७, म्युचुअल फण्ड ०.५०, निर्जीवन बिमा ०.६३ र अन्य समूह ०.९२ प्रतिशतले घटेको छ।

मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य आइतबार सबैभन्दा बढी ९.७० प्रतिशतले बढेको छ भने कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

# वीरगञ्जबाट छ महिनामा सात अर्ब ६४ करोडको दलहन भित्रियो

**वीरगञ्ज (पर्सा)–** वीरगञ्ज हुँदै चालु आर्थिक वर्षको छ महिनामा सात अर्ब ६४ करोड रूपैयाँ मूल्य पर्ने सात थरिका दलहनजन्य खाद्यान्न भित्रिएको छ। गत आर्थिक वर्षको छ महिनामा एक अर्ब ८० करोड रूपैयाँभन्दा बढी मूल्यको दलहन खाद्यान्न भित्रिएको हो।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले गत आवको छ महिनाको तुलनामा चालु आवको छ महिनामा ३१ प्रतिशतले आयात बढेको बताए। जबकि, गत आवको छ महिनामा भने सात थरिका दलहन खाद्यान्न पाँच अर्ब ८३ करोड रूपैयाँको आयात भएको थियो। चालु आवको छ महिनामा तीन अर्ब ८२ करोड रूपैयाँको मुसुरो दाल आयात भएको छ। त्यस्तै सोही अवधिमा एक अर्ब १७ करोड रूपैयाँ मूल्य पर्ने सिमी/राज्मा आयात भएको छ। चालु आवको छ महिनामा एक अर्ब १४ करोड रूपैयाँ मूल्यको चना आयात भएको छ। त्यसैगरी, एक अर्ब रूपैयाँ मूल्यको अन्य गेडागुडी आयात भएको छ। २७ करोड रूपैयाँबराबर रहरको दाल र १६ करोड रूपैयाँ मूल्यको केराउ आयात भएको छ। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ